पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : २३ | २०७० पुस १९ गते शुक्रबार (Jan. 3, 2014) | मूल्य रू. १०/-

## टंक ढकाल एकै फोनमा लुत्रुक्कै



काठमाडौं । निर्वाचन आयोग पुगेर राप्रपा नेपाल फोडेर 'नेपाली राप्रपा पार्टी' दर्ता गरिपाउँ भनेर निवेदन दिने टंक ढकाललाई एकफोन के आएको थियो – दोस्रो दिन मंगलबार एक बजे उनी राप्रपा नेपालको बैठकमा उपस्थित हुन पुगे र २५ मिनेट बोल्दै मैले पार्टी फुटाउन खोजेको होइन भनेर प्रष्टीकरण दिए । त्यसलाई राप्रपा नेपालले स्पष्ट रुपमा पार्टी फुटेको छैन, पार्टीले चिन्दै नचिनेका केही व्यक्तिले सामान्य असन्तुष्टिलाई हल्ला मच्चाएका मात्र हुन् भन्ने अभिव्यक्ति दिएको छ । हिन्दू धर्म र संवैधानिक राजतन्त्रको सैद्धान्तिक (बाँकी अन्तिम पेजमा)

# प्रचण्डलाई अध्यक्ष पद बचाउन घौ-घौ

काठमाडौं । डा.बाबुराम भट्टराईले २४ वर्षदेखि पार्टी अध्यक्ष चलाइरहेका प्रचण्डलाई नैतिक प्रश्न तेर्साइदिएका छन् । एउटै व्यक्ति दुई पटकभन्दा बढी एउटै पदमा बस्न पाइन्न भनेर बाबुरामले प्रश्न उठाउनु र समानुपातिक सभासद् चयन गर्दा प्रचण्डले एकलौटी गर्नुले पनि प्रचण्डमाथि संकट थपिँदै गएका छन् । यता कार्यकर्तादेखि हेमन्तप्रकाश वलीजस्ता प्रचण्डकै सहयोगी योद्धाले समेत समानुपातिक सभासद् चयनमा



गल्ती गरेको भन्दै नेतृत्व क्षमतामा प्रश्न उठाएका छन् । यसैबीच ५४ सभासद चयनमा डा.बाबुराम भट्टराई पक्षका भक्तिप्रसाद, श्रीप्रसाद जबेगु र राम कार्की तथा उपाध्यक्ष नारायणकाजी श्रेष्ठ पक्षका रामनारायण बिडारी र लालेन्द्र मण्डलमात्र परेका र बाँकी सबै आफूखुशी गरेपछि दुवै नेताले सूची सच्याउन दाबब दिएका छन् । सूची नसच्याए निर्वाचन आयोगमा उजुरी हाल्ने बाबुरामको धम्कीले प्रचण्डको मनमा भुइँचालो गएको छ । यता नारायणकाजी जस्ता सहयोगीले समेत प्रचण्डको नेतत्व क्षमतामा प्रश्न उठाएकाले एमाओवादी हाँक्ने प्रचण्डको दिन सकिन लागेको विश्लेषण सुरू भएको छ ।

आफ्नो अध्यक्ष पद बचाउन प्रचण्डले बाबुराम र नारायणकाजीलाई बोलाएर २ पटक भेटिसकेका छन् । प्रचण्डको लोलोपोतो बुझेका र अवसर छोप्न जानेका भन्ने बुझेका दुवै नेताले आफ्नो विद्रोहको श्वर चर्काइरहेका छन् र मापदण्ड किन मिचेको, पार्टी भनेको एकजनाको सचिवालय होइन भनेर पार्टीपंक्तिमा असन्तोषको ज्वारभाटा भरिदिएका छन् । (बाँकी अन्तिम पेजमा)

## रविन्द्रप्रतापलाई किन पुरस्कार ?



काठमाडौं । २०६८/०६९ मा नेपाल प्रहरीको आईजिपी बनेका रविन्द्रप्रताप शाह जनयुद्धताका डिआईजी थिए । प्रचण्डका विश्वास पात्र लडाकु हेमन्तप्रकाश वलीको आरोप छ- यिनै शाहले मेरी छोरीको हत्या गरेका हुन् । मेरी छोरीको हत्यारा, जनयुद्धका दमनकारीलाई समानुपातिकमा सभासद् बनाएर प्रचण्डले किन पुरस्कार दिए ? प्रश्न गम्भीर छ । स्रोत भन्छ, रविन्द्रप्रतापले जनयुद्ध दमन गरेजस्तो गरेपनि धेरै महत्वपूर्ण सूचना दिएर जनयुद्धमा प्रचण्डलाई सहयोग गरेका थिए । त्यसपछि निरन्तर पार्टी कार्यक्रम सञ्चालन गर्न करोडौं पैसा दिँदै (बाँकी अन्तिम पेजमा)

# समानुपातिक पद्धति दलहरूका लागि घाँडो

अभियान संवाददाता

काठमाडौं । संविधानसभाको दोस्रो निर्वाचनपछि प्रत्येक राजनीतिक दलहरूमा एक प्रकारको असन्तोष उत्पन्न भएको छ । निर्वाचनको क्रममा प्रत्यक्षतर्फ उम्मेदवार नपाएका व्यक्तिहरूलाई समानुपातिकतर्फको उम्मेदवार बनाउने भन्दै दलहरूले आफ्ना आफ्ना कार्यकर्ताहरूलाई थुमथुमाएर चुनावमा होमिन लगाएका भए पनि दलहरूले पाएको सिट संख्याका आधारमा समानुपातिक तर्फका आफ्ना उम्मेदवारहरूको नाम सिफारिस गर्नुपर्ने भएपछि दलहरूलाई समानुपातिकतर्फका उम्मेदवारहरूको छनौट गर्न महाभारत नै भएको थियो ।

अहिले प्रत्येक दलभित्र आक्रोश उत्पन्न भएको छ । नेकपा एमाले, नेपाली कांग्रेस, एमाओवादी लगायतका अन्य साना





दलहरूभित्रसमेत आक्रोश उत्पन्न भएपछि दलहरूको लागि समानुपातिक पद्धति नै घाँडो सावित भएको छ । दलहरूले बेलैमा बुद्धि पुऱ्याउन नसकेका कारण दलहरू अहिले आफैं संकटमा परेका छन् । राप्रपा नेपालको मुद्दा त अदालतमै पुगेको छ । दलहरूले दल संचालन गर्नका लागि पार्टीका (बाँकी अन्तिम पेजमा)

# संविधानसभा स्वीकार्य छैन : गुरुङ

अभियान संवाददाता

काठमाडौं । चुनाव हुनु अघि नै चुनावको विरोध गर्दै आएको नेकपा-माओवादीले कुनै हालतमा पनि संविधानसभाले जनताको संविधान निर्माण गर्न नसक्ने भन्दै संविधान बनाइहाले पनि त्यो संविधान स्वीकार नगर्ने उद्घोष नेकपा-माओवादीका सचिव देव गुरुङले लमजुङमा आयोजित एक कार्यक्रममा गरेका छन् ।

केही दिन अघि लमजुङमा क्रान्तिकारी पत्रकार संघले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै सचिव गुरुङले विदेशी इशारामा गरिएको चुनावको कुनै अर्थ नरहेको भन्दै यसबाट निर्माण गरिएको संविधान कुनै हालतमा पनि स्वीकार नगर्ने बताएका छन् । जनताको अधिकार



प्राप्तिका लागि संघर्षको विकल्प नभएको भन्दै मुलुकलाई (बाँकी अन्तिम पेजमा)

# निवेदनका भरमा करोडौं करोड लुट

काठमाडौं । दुर्गम जिल्लाका बासिन्दाहरूले सिटामोलसम्म खान नपाएर अकालमा ज्यान गुमाउनु परिरहेको छ तर काठमाडौं लगायत सुविधासम्पन्न ठाउँमा खुलेका निजी क्षेत्रका अस्पतालहरूलाई गरीब नेपाली जनताले तिरेको करबाट तिनै अस्पतालहरूले ठूलो मात्रामा रकम हात पार्दै आएका छन् । गत वर्षमात्र स्वास्थ्य मन्त्रालयबाट करोडौं करोड रकम निजी क्षेत्रका अस्पतालहरूलाई अनुदानको रूपमा वितरण गरिएको छ । गत वर्ष काभ्रेमा रहेको धुलिखेल अस्पतालले आठ करोड रूपैयाँ सरकारी अनुदान हात पारेको थियो । धुलिखेल अस्पताललाई समुदायबाट सञ्चालन भएर सस्तो शुल्कमा सेवा दिने नमूनाको रूपमा लिए पनि काठमाडौं ठमेलमा रहेको मनमोहन सामुदायिक अस्पतालले पाँच करोड लिए पनि उसले लिने सेवा शुल्क निजी क्षेत्रमा खुलेका अस्पतालको भन्दा कम छैन । स्वास्थ्य सेवा सहकारी संस्थाबाट संचालित उक्त (बाँकी अन्तिम पेजमा)

# सोतीले सोहोर्दा घुस सुरु भयो

काठमाडौं । १९ वर्षपछि शिक्षा सेवा आयोगले शिक्षकहरुको माग गऱ्यो, जाँच लियो, परीक्षाको नतिजा प्रकाशन थाल्यो । नतिजा प्रकाशन गरिसकेपछि गल्ती भयो भन्दै धमाधम सच्याउन थाल्यो । शिक्षकहरु जिल्ला पर्दै उजुरी हाल्न थाले, धाँधली भयो । घुस खाएर परीक्षाफल प्रकाशित गर्ने र सच्याउने काम भयो । योग्यताको बेइज्जती भयो ।



सुतेको अख्तियार उठ्यो । शिक्षा सेवा आयोगमा छापा हान्यो । केही दिन गम्भीर छानविन पनि गऱ्यो । जब शिक्षा सेवा आयोगका अध्यक्ष उदयराज सोती र अन्य सदस्यहरूले घुस (बाँकी अन्तिम पेजमा)

# रेग्मीको दबाबमा प्रहरी नियमावली संशोधनको तयारी

काठमाडौं । संविधानसभाको चुनाव सम्पन्न भइसकेको र नयाँ सरकार बनाउने कसरतमा दलहरू लागेको अवस्थामा अन्तरिम चुनावी सरकारले नेपाल प्रहरीमा दीर्घकालीन असर पर्ने गरी प्रहरी नियमावली संशोधन गर्ने जुन खेल सुरु गरेको छ त्यो आफैंमा विवादित रहने प्रायनिश्चित देखिएको छ । खिलराज रेग्मी नेतृत्वको सरकारले डा. बाबुराम भट्टराईकै पालमा मस्यौदा भएको प्रहरी नियमावली संशोधन गर्न लागेको गृह सूत्रले दाबी गरेको छ । महिनौंसम्म गृह मन्त्रालयमा थन्किएर रहेको नियमावली रेग्मी सरकारले जाँदाजाँदै पारित गर्न लागेकोले अनेक शंका उपशंका जन्मिएका छन् ।

प्रहरी नियमावली संशोधन हुनेवित्तिकै त्यही अनुरूप प्रहरीभित्र बढुवा र वृत्तिविकासमा प्रभाव पर्ने छ । त्यस अनुसार नयाँ बढुवा क्रम शुरु हुन कम्तीमा



५/६ महिना लाग्ने र अहिले रिक्त रहेका एआईजी बढुवामा समेत त्यसले असर पर्ने पक्कापक्की भएको छ । संशोधित मस्यौदामा उल्लेखित प्रावधान अनुसार अहिलेभन्दा फरक ढंगले अधिकार सम्पन्न बोर्डले प्रहरी बढुवा गर्नु पर्ने प्रावधान त्यहाँ राखिएको हुनाले त्यसले प्रहरीभित्रै व्यापक असन्तोष जन्माउन सक्ने देखिन्छ । प्रहरी महानिरीक्षकमा बढुवा भएका उपेन्द्रकान्त अर्यालकै व्याजका डिआईजीहरुलाई अब बढुवा हुन नियमावली संशोधन भएको खण्डमा सोही अनुरुप बढुवा हुनुपर्ने र नयाँ बोर्डको सामना उनीहरुले गर्नुपर्ने अवस्था सिर्जना हुनसक्ने देखिएको छ । एआईजीमा बढुवा हुनाका लागि कम्तीमा स्नातकोत्तर गरेको हुनुपर्ने र २०६४ सालभन्दा अघिका पदक र पुरस्कारको गणना नगरिने विवादास्पद बुँदाहरुको समाधान नै नगरी प्रहरी नियमावली संशोधन गर्न लागिनु रहस्यको विषय बनेको छ । (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## समानुपातिक पद्धति पार्टीहरूलाई गलगाँठो

*संविधानसभाको निर्वाचन सम्पन्न भएको झन्डै डेढ महिना वितिसक्दा पनि निर्वाचन आयोगले चुनाव सम्पन्न भएको सूचना राष्ट्रपतिलाई दिन सकेको छैन । नेपालको अन्तरिम संविधानमा व्यवस्था भएअनुसार निर्वाचन आयोगले प्रत्यक्ष र समानुपातिकतर्फका ५ सय ७५ जना सभासद्हरुको नामावलीसहित चुनाव सम्पन्न भएको व्यहोराको पत्र राष्ट्रप्रमुखलाई बुझाएपछि त्यसलाई राजपत्रमा प्रकाशित गरी राजपत्रमा प्रकाशित भएको २१ दिनभित्रमा संविधानसभाको पहिलो बैठक बोलाउनुपर्ने व्यवस्था गरेको छ । तर राजनीतिक दलहरुले दलभित्रकै खिचातानी मिलाउन नसक्दा निर्वाचन आयोग तीन/तीन पटकसम्म समानुपातिकतर्फका उम्मेदवारको नामावली बुझाउने समयसीमा थप्न बाध्य भयो ।*

*चुनावमा धाँधली भएको भन्दै एमाओवादीसहितका केही मधेसवादी दलहरुले चुनावमा भएको धाँधलीका बारेमा स्वतन्त्र छानविन आयोग गठन नगरेसम्म संविधानसभामासमेत नजाने र समानुपातिकतर्फका आफ्ना उम्मदवारहरुको नामसमेत आयोगमा नबुझाउने अडानमा रहेपछि उसलाई मनाउन कांग्रेस, एमालेले निकै समय खर्चिनु परेको थियो । प्रमुख दल नेपाली कांग्रेस, एमाले, एमाओवादी र केही मधेसवादी दलहरुबीच ४ बुँदे सहमति भएपछि सबै दलहरुले आ–आफ्नो पार्टीका समानुपातिकतर्फका उम्मेदवारहरुको नामावली आयोगमा बुझाएका छन् । नामावली बुझाउने वित्तिकै सबै दलभित्र रडाको मच्चिएको छ । समानुपातिक पद्धति आफैँमा नराम्रो पद्धति नभए पनि हाम्रा राजनीतिक दलका नेताहरुको लोकतान्त्रिक पद्धतिभित्र नबस्ने बानी र आफ्ना नातागोता, पैसावाला र चाटुकारहरुलाई सभासद् बनाउने कुटिल षड्यन्त्रले गर्दा समानुपातिक पद्धति नै असफल जस्तो देखिएको छ । समानुपातिक पद्धति भनेको सामान्यतया मिश्रित पद्धति हो । यसले मिश्रित प्रतिनिधित्व गर्दछ । यो पद्धति नै समानुपातिक पद्धति हो । यस विधि अनुसार पहिलो हुनेले जित्ने २४०, समानुपातिक समुदायबाट ३३५ र विभिन्न क्षेत्रका विज्ञहरुलाई मनोनित गर्ने २६ लाई संविधानसभा भनिन्छ । तर दलहरुले लोकतान्त्रिक चरित्र देखाउन नसकेका र मन्त्रिपरिषद्बाट मनोनित हुने २६ सिटमासमेत आ–आफ्ना मान्छे र कुनै क्षेत्रमा दक्षतासमेत हासिल गर्न नसकेका व्यक्तिहरुलाई भागवण्डाका आधारमा मनोनित गरे । पहिला पनि २६ जनालाई आफ्नो बपौतिको रुपमा प्रयोग गरेर संविधानको भावना र मर्मलाई प्रहार गरेका थिए । अहिले फेरि त्यस्तै अवस्था देखिएको छ । दलहरुले आफ्नो पार्टीबाट समानुपातिकमा नपरेका व्यक्तिहरुलाई मन्त्रिपरिषद्बाट मनोनित हुने २६ सिटमा मनोनित गर्ने आश्वासन दिन थालेका हुनाले मनोनित हुने २६ सिटसमेत दलहरुको पेवा जस्तै भएको र फेरि भागवण्डाकै आधारमा मनोनित हुने सम्भावना बढेर गएको छ ।*

*विश्वका ७२ वटा देशमा समानुपातिक पद्धति अपनाइएका छन् । ती सबै देशहरुमा यो पद्धतिले राम्रो स्थान पाएको भएता पनि यहाँ भने दलहरुको अकर्मण्यता र नालायकीपनले गर्दा समानुपातिक पद्धति भनेको दलहरुभित्र भाँडभैलो मच्चाउने र रडाकोको विषय बनेको छ । दलहरुले समानुपातिकतर्फका उम्मेदवारहरुको नामावली निर्वाचन आयोगमा बुझाउने बेलैमा क्रमसंख्याका आधारमा बुझाएको भए उसले २५ स्थान पाएको अवस्थामा उसले बुझाएको उम्मेदवारको लिस्टमा क्रमसंख्या १ देखि २५ सम्मका उम्मेदवारहरुलाई निर्वाचन आयोगले विजयी उम्मेदवार भनेर घोषणा गर्न सक्थ्यो । तर दलहरुले ठीक त्यसको उल्टो गरेर क्रमसंख्या १ मा रहेको नामलाई विजयी उम्मेदवारको नाममा नराखेर अन्तिम क्रमसंख्यामा रहेको व्यक्तिलाई विजयी उम्मेदवार बनाएका हुनाले पार्टीभित्र रडाको मच्चिएको हुनाले अब दलहरुले त्यसतर्फ सजग हुनै पर्दछ ।*

*दलहरुले गरेको गल्तीको सजाय जनताले भोग्नु परेको छ । समानुपातिकतर्फका उम्मेदवारहरुलाई जनताले चिन्न सकेका हुँदैनन् । उनीहरु जनताको प्रत्यक्ष सम्बन्धमासमेत नरहने भएका हुनाले जनताले मैले कुन उम्मेदवारलाई मतदान गरे भन्नेसम्म थाहा पाउन सक्ने अवस्था नभएको हुनाले यसमा सुधारको आवश्यकता देखिएको छ । भरिसक्के आउँदो संविधानसभाले संविधान निर्माण गर्दा समानुपातिक पद्धतिलाई स्वीकार गर्नु उचित हुँदैन, जनताले प्रत्यक्ष रुपमा मतदान गरेका व्यक्तिमात्र जनताप्रति उत्तरदायी हुने भएका हुनाले बरु जातजाति, भाषाभाषी, महिला, दलित, उत्पीडित, दुर्गम क्षेत्रका लागि बेग्लै व्यवस्था गरिएको खण्डमा त्यसले जनतालाई नै फाइदा पुग्दछ । महिलालाई ३३ प्रतिशत संसद्मा पुर्‍याउने हो भने महिला, महिलाले मात्र चुनाव लड्ने क्षेत्र निर्धारण गरिएको खण्डमा जसले जिते पनि त्यहाँ महिलाले नै जित्ने भएको हुनाले अन्य वर्ग, क्षेत्रमा समेत त्यस्तै व्यवस्था गरिनु उचित हुनेछ भन्ने हामीले ठानेका छौं । समानुपातिक पद्धतिले जनतालाई बन्धक बनाइराख्नु उचित नहुने हाम्रो ठहर रहेको छ ।*

# समानुपातिक पद्धति ठगिखाने भाँडो र जागिर खाउने थलो

***देवेन्द्र चुडाल***

समानुपातिकतर्फका आ–आफ्ना पार्टीहरूका उम्मेदवारहरूको नामावली निर्वाचन आयोगमा बुझाएपछि सबै दलहरूभित्र भाँडभैलो नै मच्चिएको छ । फलामे अनुशासन भएको भनिएको एमाओवादीभित्र समेत व्यापक असन्तुष्टि र आक्रोश जन्मिएको छ । संविधानसभाको दोस्रो निर्वाचनमा सबैभन्दा ठूलो पार्टी भएको नेपाली काँग्रेसभित्र नातावाद, कृपावाद र थैलीवादले प्रश्रय पाएको भन्दै उसैका भातृसंगठनहरू केन्द्रीय नेतृत्वविरुद्ध खनिएका छन् भने कतिपय जिल्लाहरूका पार्टी कार्यालयहरूमा तोडफोड र आगजनीसमेत भएका छन् । दलहरूले चुनावका बेला टिकट वितरणमा भएको पक्षपात र अन्यायलाई चिर्न नसकिरहेको बेला समानुपातिकतर्फका उम्मेदवारहरूको नामावली सिफारिसमा ध्यान पुर्‍याउन नसकेको प्रस्ट रूपमै देखिएको छ । दलहरूले अहिले आफ्नै खुट्टामा बञ्चरो प्रहार गरेका छन् । समानुपातिक पद्धति आफैँमा नराम्रो पद्धति होइन त्यसलाई सही रूपमा प्रयोग गरिएको भए त्यसले सार्थक परिणाम दिन सक्थ्यो तर त्यसो भएन । दलहरूले पार्टी संचालन गर्न भनेर केही समानुपातिक पदहरू नै खुल्लम खुला विक्री गरिदिए । राजनीतिको 'र' सम्म थाहा नभएका उद्योगी, व्यापारीहरूलाई समेत पैसाको आडमा सभासद् बनाउन सिफारिस गरेपछि पार्टीका नेता तथा कार्यकर्ताहरू खुलेरै नेतृत्वको विरोधमा उत्रिएका छन् ।

नेपाली काँग्रेस सबैभन्दा पुरानो पार्टी भएको नाताले उसले अन्य पार्टीहरूलाई समेत मार्गदर्शन गर्न सक्नु पर्दथ्यो । तर उसले त्यसो गर्न सकेन । एउटै पार्टीभित्र पनि फलानो पक्ष र फलानो पक्षका भनेर भागवण्डाका आधारमा समानुपातिक तर्फका उम्मेदवारहरूको भागवण्डा गरियो । नेपाली काँग्रेसले आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेको प्रतिवद्धता विपरित एउटै जिल्लाबाट ७/८ जनाको नाम सिफारिस गर्‍यो भने धेरै जिल्लाहरूबाट एकजनासम्मको सिफारिस गर्न सकेन । अर्थात् नेपाली काँग्रेसले नाम सिफारिस गरेका जिल्ला र उम्मेदवारहरूलाई हेर्ने हो भने केन्द्रीय पदाधिकारीहरू रहेको जिल्लाबाट धेरै व्यक्तिहरूको नाम सिफारिस भएको छ । जस्तै सभापति सुशील कोइरालाको गृहजिल्ला बाँकेबाट ५ जना सिफारिसमा परेका छन् भने वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेलको गृहजिल्लाहरूबाटै ३/४ जनाले सभासद् बन्ने मौका पाएका भए पनि कैयन जिल्लाहरूलाई नेपाली काँग्रेसले उपेक्षा गरेको छ । उपत्यकाभित्रकै ललितपुर जिल्लाबाट एकजना पनि समानुपातिकतर्फबाट उम्मेद्वार बनाइएको छैन । त्यसैले प्रमाणित हुन्छ समानुपातिक पद्धति नेताहरूलाई कमाइखाने भाँडो र आफ्ना नजिकका चाटुकारहरूलाई जागिर दिलाउने थलो । पार्टीका केन्द्रीय नेताहरू मुलुकको नेता हुनुपर्नेमा उनीहरू आ–आफ्ना जिल्लाका नेता जस्तो भएर आफ्नै जिल्लाभित्रमात्र सीमित भएका हुनाले समानुपातिक पद्धति नेपालको लागि असफल साबित भएको छ ।

विश्वका ७२ वटा मुलुकमा समानुपातिक पद्धति अहिले पनि सफलतापूर्वक चलिरहेको अवस्थामा नेपालमा भने पहिलो संविधानसभाको चुनावपछि नै समानुपातिक पद्धतिलाई असफलतातर्फ हिंडाउने प्रयास दलहरूले गरेका थिए । समानुपातिक पद्धति भनेको चुनावमा प्रत्यक्ष तर्फबाट चुनाव जित्न नसकेका, समुदाय भाषाभाषीहरू र सबै जातजातिहरूलाई संविधान निर्माणको प्रक्रियामा सहभागिता होस् भनेर व्यवस्था गरिएको लोकतान्त्रिक पद्धति भए पनि त्यसलाई यहाँका दलहरूले कमाइखाने भाँडो र आफ्ना वरिपरिका व्यक्तिहरूलाई जागिर दिलाउने राम्रो थलोको रूपमा प्रयोग गरेका हुनाले समानुपातिक पद्धति असफल भएको हो । समानुपातिक पद्धतिको नारा दिएर कहिल्यै नथाक्ने एमाओवादीलेसमेत त्यस पद्धितिको अपव्याख्या गरेर उसले पनि पार्टीमा समर्पित कार्यकर्ता तथा नेताहरूलाईभन्दा पहिला सरकारी उच्च पदमा रहेर उसलाई सहयोग गरेका व्यक्तिहरूलाई समानुपातिकतर्फको उम्मेदवार बनाएपछि एमाओवादीभित्र समेत व्यापक असन्तुष्टि जन्मिएको छ । धादिङ जिल्लाका एमाओवादी कार्यकर्ताहरूले त आफ्ना कार्यकर्ताहरूलाई गोली हान्न आदेश दिने पूर्व प्रहरी महानिरीक्षक रविन्द्रप्रताप शाहलाई सभासद् बनाउने निर्णय गरेपछि एमाओवादीभित्र तिव्र आक्रोश जन्मिएको छ । एमाओवादीका केन्द्रीय सदस्य हेमन्तप्रकाश ओलीले त आफ्नी छोरीलाई हत्या गर्ने शाहलाई आफ्नो पार्टीमा प्रवेश गराएको भन्दै एमाओवादी अध्यक्ष पुष्पकमल दाहालप्रति कटाक्ष नै गरेका छन् । हेमन्तप्रकाश ओलीलाई एमाओवादीले सभासद् बनाउने निर्णय गर्न सकेन तर तिनै ओलीको छोरीको हत्या गर्ने शाह एमाओवादीकै कोटाबाट सभासद् बनेर संविधानसभामा प्रवेश गर्ने भए । ओली एमाओवादीभित्रै दुःख पाएका नेताका रूपमा चिनिएका भए पनि उनलाई अध्यक्ष दाहालले सभासद् नबनाउने निर्णय गरेर ओलीको ठाउँमा शाहलाई रोज्न पुग्नुले शाह र दाहालबीच पहिला नै घनिष्ट सम्बन्ध रहेको प्रमाणित हुन्छ ।

एमाओवादीलाई फलामे अनुशासन भएको पार्टी भनिन्छ । तर अहिले त्यही फलामे अनुशासन भएको पार्टीभित्रका विवादहरू सडकमा छताछुल्ल भएका छन् । पार्टीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई र अर्का नेता नारायणकाजी श्रेष्ठले समानुपातिकतर्फका उम्मेदवारहरूको नाम सिफारिस गर्न बसेको केन्द्रीय कार्यालयको वैठक नै बहिष्कार गरेर उनीहरूले एमाओवादीभित्र चरम विवाद रहेको प्रमाणित गरिदिएका छन् । एमाओवादीले निर्वाचन आयोगमा सिफारिस गरेका नामहरूमा प्रायः सबै अध्यक्ष दाहाल पक्षीय कार्यकर्ताहरू मात्र रहेको भन्दै भट्टराई र श्रेष्ठले त्यस्तो एकतर्फी निर्णयलाई आफूहरूले कुनै हालतमा पनि स्वीकार गर्न नसक्ने अभिव्यक्ति दिइसकेका छन् । दाहालपक्षले भने अब नामावलीमा कुनै हेरफेर नहुने भन्दै भट्टराई र श्रेष्ठका विरूद्ध आक्रामक ढंगले प्रस्तुत हुने निर्णय नै गरिसकेको हुनाले समानुपातिक पद्धतिको सूत्रधार एमाओवादी पनि त्यसैको शिकार बन्ने पक्कापक्की भएको छ ।

समानुपातिक पद्धति आफैँमा राम्रो र लोकतान्त्रिक पद्धति भएको भन्दै विश्वका धेरै देशहरूमा त्यसको प्रयोग भइरहँदा नेपालमा भने दलहरूको संर्क्रिणताले त्यसले सार्थकता पाउने सम्भावना क्षिण हुँदै गएको छ । विभिन्न क्षेत्र, पिछडिएको क्षेत्र, जातजाति, भाषाभाषी र महिलाहरूलाई संविधान, ऐन, नियम, कानुन बनाउने ठाउँमा उनीहरूको प्रतिनिधित्व होस् भनेर समानुपातिक पद्धतिको विकास गरिएको थियो । त्यस पद्धतिलाई दलहरूले सही रूपमा प्रयोग गर्न सकेका भए त्यसले समाजमा राम्रो प्रभाव पार्न सक्ने सम्भावना भए पनि अहिले यहाँ भने दलहरूको असफलता र अकर्मण्यताकै कारण समानुपातिक पद्धति दलहरूभित्र भाँडभैलो मच्चाउने र रडाकोको विषय बनेको छ । ठूला दलदेखि साना दलहरूभित्रसमेत समानुपातिक पद्धतिले गर्दा दलहरू विभाजनको शिकार बन्न सक्ने अवस्था देखिएको छ । खास गरेर दलहरूले निर्वाचन आयोगमा क्रमसंख्याका आधारमा प्राथमिकतामा राखेर नामावली सिफारिस गरेका भए अहिलेको जस्तो भाँडभैलो अवस्था नै आउने थिएन । विश्वका सबै देशमा समानुपातिकतर्फका उम्मेदवारहरूको नामावली सिफारिस गर्दा क्रमसंख्याका आधारमा सिफारिस गर्ने परम्परा रहे पनि निर्वाचन आयोगले दलहरूलाई त्यस्तो गर्ने परम्पराको थालनी गर्न सकेन । क्रमसंख्याका आधारमा सिफारिस गरिएको भए कुनै एक पार्टीले एकसय सिट पाएको खण्डमा उसले स्वतः १ देखि १०० सम्म क्रमसंख्यामा रहेका व्यक्तिहरूको नामावली सिफारिस गर्न सक्थ्यो । अहिले यहाँ भने १ नम्बरदेखि ३३५ सम्म सिफारिस गरिएको र दलहरूले १,२,३,४,५ लाई छाडेर ३ सय ३५ नम्बरको व्यक्तिलाई समेत सिफारिस गर्न सक्ने छुट निर्वाचन आयोगले नै दिएको हुनाले यसमा आयोगसमेत दोषी रहेको छ ।

समानुपातिक पद्धतिको बारेमा जनतालाई कुनै कुराको थाहा नै नदिई समानुपातिकतर्फ हाम्रो दललाई मत हाल्नु मात्र भनियो । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफूले हालेको मतले को व्यक्ति संसद्मा पुग्छ भन्ने थाहा नै पाउन सकेनन् । त्यो एकप्रकारले सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको लागि अपमानको विषय हो । यी सबै दुस्प्रयासले गर्दा दलहरूले आ–आफ्ना मान्छे र पैसावालाहरूलाई रोजीरोजी सभासद् बनाउन पाउने भएका हुनाले लामो समयसम्म पार्टीमा लागेर पार्टीका काममा सक्रिय भएका व्यक्तिहरूले अवसर पाउन सकेनन् र पाउन सक्ने अवस्था नै छैन । खास गरेर समानुपातिकतर्फको दूरूपयोग मधेसवादी दलहरूले व्यापक मात्रामा गरेका छन् । मधेसवादी दलहरूका शीर्ष नेताहरू संविधानसभाको चुनावमा प्रत्यक्षतर्फबाट आफूहरू हारे पनि उनीहरूले आ–आफ्ना श्रीमतीहरूलाई संविधानसभामा पठाउने निर्णय गरेर पार्टीका कार्यकर्ताहरूको उपहास मात्र गरेनन् समानुपातिक पद्धतिकै उपहास गरेका छन् । प्रत्यक्षतर्फ चुनाव हारेका सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले आफ्नी श्रीमतीलाई संविधानसभामा पठाउने निर्णय गरे, त्यसै गरी अनिल झा र राजकिशोर यादवले समेत महतोको सिको गर्दै आ–आफ्ना श्रीमतीलाई संविधानसभामा पठाउने निर्णय गरी आयोगमा नाम सिफारिस गर्नु पार्टी कार्यकर्ताहरूको मात्र अपमान होइन समानुपातिक पद्धतिकै अपमान हो । जुन उद्देश्य प्राप्तिका लागि समानुपातिक पद्धतिको अनुसरण गरियो अहिले ठीक त्यसको उल्टो व्यवहार भएको छ । यी सबै कारणहरूले गर्दा समानुपातिक पद्धति नै नेपालको लागि असफल सावित भएको स्वीकार गर्नै पर्दछ ।

एउटा पार्टी निर्माण गर्न वर्षौं वर्षसम्म लाग्न सक्छ तर त्यही पार्टी विभाजन हुन र टुक्रिन २/४ मिनेट पनि लाग्दैन, त्यसको सबै दोष समानुपातिक पद्धतिमै जाने भएको हुनाले अब भरिसक्के समानुपातिक पद्धति खारेज गरी बरू सबै पक्ष जातजाति, भाषाभाषी, पिछडिएको वर्ग, महिलाहरूका लागि संविधानमै उचित व्यवस्था गरी प्रत्यक्षतर्फबाट सिट संख्या बढाउनु समानुपातिक पद्धतिको उचित विकल्प हुन सक्छ । यदि केही समयका लागि पिछडिएको जातजाति, वर्ग, भाषाभाषीहरूलाई आरक्षण दिने हो भने त्यस ठाउँमा उनीहरूबाहेक अन्यलाई चुनावमा खडा हुन नदिने व्यवस्था संविधानमा गरिएको खण्डमा त्यसले राम्रो परिणाम दिन सक्छ । निश्चित संख्यामा महिलाहरूलाई संसद्मा पुर्‍याउने हो भने महिलाहरूले मात्र प्रतिस्पर्धा गर्न पाउने भनेर निश्चित क्षेत्र निर्धारण गरी दिएको खण्डमा त्यहाँ जुन पार्टीले जितेपनि महिलाले नै जित्ने हुँदा समानुपातिक पद्धतिको आवश्यकता नै हुँदैन । त्यसै गरी तल्लो वर्ग, जातजातिको लागि समेत त्यस्तै व्यवस्था गरिएको खण्डमा उनीहरूको सही रूपमा प्रतिनिधित्व हुन सक्ने भएको हुनाले अब बन्ने संविधानले समानुपातिक पद्धतिलाई खारेज गरी विभिन्न वैकल्पिक व्यवस्था गरिनु नेपाल र नेपाली जनता अनि स्वयम् पार्टीहरूको हितमा हुनेछ ।

अबको केही दिनभित्रैमा संविधानसभाको पहिलो बैठक बस्ने प्रायनिश्चित रहेको छ । चुनावमा धाँधली भएको भन्दै अनेक प्रकारका बखेडा निकालेर संविधानसभामै नजाने उद्घोष गर्ने एमाओवादी र मधेसवादी दलहरूलेसमेत निर्वाचन आयोगमा आ–आफ्ना समानुपातिक तर्फका उम्मेदवारहरूको नाम सिफारिस गरिसकेका हुनाले अब संविधानसभाको वैठक बोलाएर सबै समस्याको समाधान संविधानसभाबाटै खोजिनु उपयुक्त हुनेछ । केही ठूला दलहरूले अन्य साना दल र सभासद्हरूलाई अनिर्णयको बन्दी बनाउनैका लागि उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने प्रयास गरेका छन् । उच्चस्तरीय राजनीतिक संयन्त्र किन आवश्यक पर्‍यो, त्यसले गरेका निर्णयहरू संविधानसभाले स्वीकार गर्नुपर्ने नपर्ने जस्ता विषयहरूका बारेमा पहिले नै टुंगोमा पुग्नु आवश्यक छ । हिजोको संविधानसभाको हैसियत फेरबदल भइसकेको अवस्थामा संविधानसभाभन्दा बाहिर गएर गरिएका कुनै पनि निर्णयहरू जनताका प्रतिनिधिहरूले स्वीकार नगर्ने अडान लिएको खण्डमा उच्चस्तरीय राजनीतिक संयन्त्र आफैं असफल हुने र त्यो संयन्त्रमा बसेका दलका शीर्ष नेताहरूसमेत संविधानसभामा उपस्थित भएर समस्याको समाधान खोज्न बाध्य हुनेछन् । संविधानसभाको पहिलो दायित्व र कर्तव्य भनेको संविधान निर्माण गर्नु नै हो । सबै दलहरूले एक वर्षभित्रमा संविधान निर्माण गर्ने प्रतिवद्धता जनतासामु गरेपनि संविधानसभाको पदावधि पाँच वर्षसम्म राखेका हुनाले एकवर्ष भित्रमा संविधान निर्माण हुन्छ भन्ने विश्वास जनतालाई नभए पनि जनताले उनीहरूलाई विश्वास गर्नुबाहेक अन्य केही विकल्पहरू जनतामा देखिएका छैनन् ।

*devendrachudal@gmail.com*

# प्रचण्ड र बाबुरामको भूमिका देखिनुपर्छ


राजन कार्की

कांग्रेस र एमाले एमाओवादीभन्दा ठूलो पार्टी भएको उनीहरूको सिद्धान्त, संगठन, कार्यक्रम र अवधारणाप्रति जनता आकर्षित भएर हुँदै होइन, एमाओवादीलाई सिख दिनुपर्छ भन्ने जनआवेग पनि यसका लागि निर्णायक बनेको हो । यही आधारमा भन्न सकिन्छ– प्रचण्डले एकपटक जनताका सामु आत्मालोचना गर्दै बिगतका गल्तीप्रति माफीको याचना गर्ने र आगामी दिनमा जनताले चाहेजस्तै राजनीति गर्छु भन्ने हो भने नेपालको राजनीतिक परिदृश्य चमत्कारिक रूपमा ओल्टेबाट कोल्टे फेरिने छ । चुनाव जितेको ल्वाङ् खाएर स्वाङ् पार्दैछन् कांग्रेस, एमाले । प्रचण्डले पार्टी पंक्तिको स्वार्थपूर्ण घेराबाट निस्केर जनताका माझमा उत्रने हो भने निर्वाचनको यो परिणाम दीर्घजीवी हुनसक्छ भनेर मान्न सकिन्न । किनकि कांग्रेस एमाले भनेका ०४७ सालपछिका १२ वर्षे कुशासनका नायक नै हुन् । प्रजातन्त्रका खलनायक नै हुन् । यिनीहरू किच्चिएकै छन्, सच्चिएका छैनन्, यिनीहरू भ्रष्ट भीड नै हुन्, शुद्धिकरण भइसकेका छैनन् ।

अहिले नै देखिइसक्यो– कांग्रेसभित्र सुशील, देउवा र रामचन्द्रका बीचमा दुशासन र दुर्योधनको विभाजन आइसक्यो । कसैलाई प्रधानमन्त्री बन्नुछ, कसैलाई पार्टी सभापति र कसैलाई राष्ट्राध्यक्ष । एमालेभित्र माधव नेपाल राष्ट्रपति बन्न सुरिएका छन्, झलनाथ खनाल यता न उता छन् भने केपी ओली अब मेरो पालो भनेर अगाडि सरिसके । मधेसी दलहरू गुट, फुटपछि अब जुटको राजनीतितिर अग्रसर भएका छन् । उनीहरू अझै पनि कांग्रेस, एमालेभन्दा एमाओवादीतिरै आकर्षित देखिन्छन् । राजनीति खिचडीजस्तो छ, राजनीति निकासहीन छ र राजनीतिले द्वन्द्वको समाधान गर्ने हैसियततिर पाइला चालेकै छैन ।

अव के हुन्छ ? शान्ति आउला, संविधान लेखिएला ? चासो सर्वत्र छ । विदेशीहरूसमेत नेताहरूको नाडी छाम्न थालिरहेका छन् । सबैभन्दा बढी चासो चीनले पनि देखाएको छ । भर्खरै आइपिडिले नेतृत्व गरेको सुरक्षा सल्लाहकार हेपिङसहितको उच्चस्तरीय ८ सदस्यीय टोलीले नेताहरूलाई संवैधानिक मार्ग नै उत्तम भनेर सुझाएर गएको छ । युरोपियन, अमेरिकन र भारतीयहरू पनि नेपाली राजनीतिमा गोता लगाइरहेको देखिन्छ । द्वन्द्व जारी छ र द्वन्द्वको प्रतिवन्ध कांग्रेस र एमालेको बुद्धिमत्तापूर्ण निर्णयमा निर्भर रहेको छ ।

**कांग्रेस, एमालेले चुनाव जितेका भए डेढमहिना हुनलाग्यो खोई सरकारको गठन भएको ? मेला न पत्ता, कता हो कता सरकार निर्माणको विषय । सरकार गठन गर्न संविधानसभाको बैठक बस्नुपर्छ, बैठकका प्रक्रियाहरु सुरु हुनुपर्छ, चुनाव जित्यौं भन्नेहरु कुहिराको काग बनेर हराइरहेका छन् ।**

भर्खर पेरिसडाँडाबाट फर्मान जारी भयो– मंसिर ४ को चुनाव हार्नुमा हामीभित्रैको कमीकमजारी पनि जिम्मेवार छ । हो, निश्चित रुपमा हो, एमाओवादीभित्र संगठन जतिसुकै बलियो भए पनि त्यसलाई जनता र देशको लागि प्रयोग गर्ने तरिकामा कमी पनि छ, कमजोरी पनि छ । यसैवीच डा.बाबुराम भट्टराईले ट्विट गरेका छन्– कांग्रेस, एमालेले चुनाव जितेको होइन, एमाओवादीले चुनाव हारेको हो । पेरिसडाँडाको ऐनामा बाबुरामको अनुहार प्रष्ट देखिएको छ । विश्लेषणको चुरो कुरो भनेको एमाओवादीले चुनाव हारेको हो, राजनीति हारेको छैन । कांग्रेस, एमालेले चुनाव जितेको होइन, एमाओवादीले हारेको मात्र हो ।

कांग्रेस, एमालेले चुनाव जितेका भए डेढमहिना हुनलाग्यो खोई सरकारको गठन भएको ? मेला न पत्ता, कता हो कता सरकार निर्माणको विषय । सरकार गठन गर्न संविधानसभाको बैठक बस्नुपर्छ, बैठकका प्रक्रियाहरू सुरू हुनुपर्छ, चुनाव जित्यौं भन्नेहरू कुहिराको काग बनेर हराइरहेका छन् । अझै उनीहरूको विजय जुलुस रोकिएको छैन, सकिएको छैन, कहिले तिनले देशको काम गर्न सुरू गर्ने ?

कांग्रेस सानेपामा भवानीपुरको भीड देखाइरहेको छ । भीड भनेको नियन्त्रणमा हुन्न, भीडलाई आचार अथवा अनुशासनले पनि छुँदैन । अनुशासन हुनेले भीडभाडमा विश्वास नै गर्दैनन् । भारत, भवानीपुरमा जन्मेकोले हो कि कांग्रेस भीड जम्मा गरेर रमाइरहेको छ । अर्थात् भीडतन्त्रलाई शक्ति ठानिरहेको छ । ०४६ सालपछि जुन गल्ती गरेको थियो, कांग्रेस आज त्यही गल्ती दोहोऱ्याइरहेको छ ।

एमाले कसरी सत्ताको ठूलो भाग खान पाइएला भन्ने ताकमा च्याँखे थापिरहेको छ । मदन भण्डारीको अवशानपछि च्याँखे थाप्नु एमालेको नानीदेखिको बानी बनेको हो । दुई ठाउँबाट चुनाव हारेर पनि प्रचण्डको चाकरी गरेकै कारण च्याँखे बल्भियो, माधवकुमार नेपाल संविधानसभा र सरकार प्रमुख बने । उनीपछि एमालेकै अध्यक्ष झलनाथ खनालले पनि च्याँखे थापेरै प्रचण्डलाई खुशी पारे र प्रधानमन्त्री बन्न भ्याए । एमालेले त्यो गुण प्रचण्ड, बाबुरामलाई तिर्ने कि नतिर्ने ?

यो प्रश्न यसकारण पनि महत्वपूर्ण छ कि एमाओवादीकै निष्कर्षअनुसार संरचनागत र संस्थागत रूपमा अत्यन्त मिहिन तरिकाले धाँधली गरियो र एमाओवादीलाई चुनाव हराइयो । धाँधलीका बारेमा समयले आफ्नो धारणा स्पष्ट पार्ला । चुनाव सम्पन्न भयो र एमाओवादी तेस्रो शक्तिमा सिमित रह्यो । शक्ति त आखिर शक्ति नै हो । एमाओवादीले चुनाव हारे पनि राजनीति हारेको छैन, उसको राजनीतिक हैसियत हारेको छैन, जनाधार भत्केको पनि देखिन्न । कांग्रेस र एमालेले सरकार बनाउने बहुमत पनि पाएका छैनन् । यो अवस्थामा शान्ति र संविधानलाई सुनिश्चित पार्ने हो भने सरकारको नेतृत्व प्रचण्ड अथवा बाबुरामलाई किन नदिने ? एमालेले त्यसको पहल किन नगर्ने ? देशहितमा लाग्नेले व्यक्ति जितको जश्न होइन, देशहित र जितमा जश्न मनाउनु पर्छ । स्वार्थ पूरा हुन्छ भने पहिले सीताराम यचुरी मोविकल दलेर प्रचण्ड, बाबुरामसँग लपक्कै टाँसिने र अहिले भवानीपुरको भीडमा मिसिएर नारा लगाउने भीड बन्न जानु एमालेका लागि श्रेयस्कर होला र ?

अझ राम्रो र देशको भविष्य सुनिश्चित गर्ने हो भने प्रचण्डलाई राष्ट्रपति बनाइनु उत्तम हुनेछ । प्रष्ट कुरो के हो भने संविधानसभा माओवादीकै एजेन्डा हो । जसको नीति उसको नेतृत्व मान्ने हो भने, प्रचण्डलाई राष्ट्रपति बनाएर संविधान घोषणा गर्ने दायित्व दिने हो भने, संविधानसभाको दोस्रो निर्वाचन फलिभूत हुनेछ, संविधान लेखिने र सहजै सर्वस्वीकार्य रूपमा घोषणा पनि हुनेछ । संविधान लेखिनै नसक्ने र लेखिएको भोलिपल्टै आगो लाग्ने खतरामुक्त पनि हुनेछ । राजनीतिक निकास निकाल्नका लागि प्रचण्डलाई राष्ट्रपति र डा.बाबुराम भट्टराईलाई प्रधानमन्त्री बनाउनका लागि एमालेले पहलकदमी लिएर भूमिका खेल्नैपर्छ । अग्रगमन असम्भव छैन । यही तरिकाले राजनीतिक निकास निस्कन सक्छ र लोकतन्त्र संस्थागत पनि हुनसक्छ । सबैको वीन वीन स्थिति भनेको पनि त्यही हुनेछ । लोकतन्त्र संस्थागत हुँदा कांग्रेस पनि स्वतः बिजेता बन्दैन र ? यसका लागि कांग्रेसले अरू केही वर्ष कष्ट भोग्नुपर्ला तर उसले पाउनै पर्ने हैसियतअनुसारको सम्मान त पाउने नै छ । प्रश्न यत्ति हो कि राजनीतिक दलहरूले शान्ति र संविधान खोजेका हुन् कि होइनन् ? कांग्रेस र एमालेलाई शान्ति र संविधानको पक्षमा उभिने कि नउभिने ?

कांग्रेसको पुरानो रोग हो सत्ता । सत्तामा भएन कि कांग्रेस बिमिण्डिन थाल्छ, बर्बराउन थाल्छ । यो त माओवादीकै दबदबाका कारण हो कि उसले यो ५ वर्ष जसोतसो सत्ताहीन भएर बितायो । चुनाव जितेका कारण, चुनावमा ठूलो पार्टी भएका हिसाबले कांग्रेस सत्ताको नेतृत्व गर्न अघि सरेको छ । ऊ एक्लैले सरकार बनाउन सक्ने स्थिति छैन, उसलाई एमाले अथवा एमाओवादीको समर्थन चाहिन्छ । एमाओवादीले सरकारमा जान्न भनिसकेको छ । ऊ त संविधानसभामा पनि नजाने मनस्थितिमा थियो तर आत्ममिमांसा गरेर संविधानसभामा जाने निर्णयमा पुगेको हो । अब हेर्नुछ, एमाओवादीले खोजेजस्तो, सोचेजस्तो संयन्त्र निर्माण गरेर सहमतीय प्रणालीको सुरुआत गर्न र राष्ट्रपतिको निर्वाचन गर्न कांग्रेस, एमाले सहमत हुनेछन् कि छैनन् ?

राजनीतिक दलहरूको अग्निपरीक्षा सुरू भएको छ । पत्यौल धुवाँ उठे पनि, यो धुवाँको प्रदूषणको नतिजाहरू जे जस्तो आउनेक्रम बाँकी रहे पनि चुनावी महायज्ञ सकियो । सुरू भएको छ दिगो शान्तिको आधार खडा गर्ने संविधान निर्माणको अर्को महायज्ञ । सबैको सहयोग र सहभागिता बिना यो महायज्ञ सम्भव छैन । अझ एमाओवादीको सहभागिता बिना त सम्भव नै छैन । यो असम्भवलाई सम्भव बनाउने हो भने कांग्रेस र एमालेले एमाओवादीसँग उसका लयमा लय मिलाएर अघि बढ्नुको विकल्प छैन भनेर समयमै बुझ्नु बुद्धिमानी हुनेछ ।

## सडक महोत्सव हुने

म्याग्दी । उद्योग वाणिज्य संघ म्याग्दीअन्तर्गतको महिला उद्यम विकास समितिको मूल संयोजकत्वमा सदरमुकाम म्याग्दीमा माघेमेला एवं चौथो सडक खाना महोत्सव हुने भएको छ ।

आउँदो पुस ३० देखि माघ २ सम्म सदरमुकाम बेनीबजारमा सञ्चालन हुने महोत्सवमा स्थानीय किसानबाट उत्पादित कृषि उपज तथा स्थानीय खाना परिकारका स्टल रहनेछन् ।

माघेमेला एवं सडक खाना महोत्सव सम्पन्न गर्न विभिन्न उपसमिति निर्माण गरिने महिला उद्यम संघ म्याग्दीकी सभापति सिर्जना श्रेष्ठले जानकारी दिइन् । महोत्सवमा ढिँडो, आलु परिकार, मकै, फापरको ढिँडो, सिस्नो झोल, तरुललगायत परिकारको स्वाद आगन्तुकले चाख्न पाउने म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष कुविरकुमार श्रेष्ठले बताए ।



# Mukti Bahini and Indian Army were the Initiator and Executor of the Genocide

Forty two years since the 1971 , it is time to rest some of its myths. It is believed that India machinated the war to avenge on partition in 1947 and planned to sever East Pakistan, building on the grievances of the Bengalis. In fact India had been conspiring right after partition in 1947.

The surreptitious visit of Sheikh Mujib to Agartala on a Top Secret mission to meet Indian co-conspirators on 5 February, 1962 is corroborated by a diary note endorsed by Khowai SDO Smarajit Chakravarty: "Today at about 1300 hrs one Mr. Mujibur Rahaman, Amir Hussain & T Choudhury arrived through Asharambari. They have been sent to Teliamura under instruction from D.M". This essential piece of evidence, the missing link in the Agartala Conspiracy case has belatedly been provided by Manas Pal, in his Op-Ed titled 'A Diary Note on Mujibur Rahman", published in Agartala's daily Bengal Newz of 5 November 2012, proving that India and the Sheikh had been planning the secession much earlier.

Another myth is that the Sheikh's "Six-Point" program was negotiable but it was a virtual demand of independence. On its rejection by the government, on December 5, 1969 Mujib made a declaration at a public meeting held to observe the death anniversary of Suhrawardy that henceforth East Pakistan would be called "Bangladesh". Many analysts opine that since Mujib had won in the 1970 elections he should have been offered to form the government. On the contrary, witnesses state that Mujib had declared that rather than becoming the Prime Minister of Pakistan, he "would prefer to be the father of a nation!" On March 7, 1971 Mujib called for independence and asked the people to launch a major campaign of civil disobedience, culminating in the emergence of Bangladesh.

Much has been made of the exodus of "ten million" Bengalis from East Pakistan. As a result of Indian media's propaganda campaign, "The Beatles" singer George Harrison dedicated a concert to the Bangladesh movement at behest of Hindu Bengali musician Ravi Shankar. On 23 June, 1971 the British government stopped all economic aid to Pakistan and permitted establishment of a High Commission by "Bangladesh Government in exile" in London. As for the number of Bengali refugees, according to 2001 census 3,084,826 people came to India from Bangladesh while 1.5 million stayed back after Bangladesh became independent.

The sheaves of eye-witness accounts prove beyond the shadow of a doubt that the massacre of West Pakistanis, Biharis and other non-Bengalis in East Pakistan had begun long before the Pakistan Army took action against the rebels late in the night of March 25, 1971. It is also crystal clear that the Awami League's terror machine was the initiator and executor of the genocide against the non-Bengalis which exterminated at least half a million of them in less than two months of horror and trauma. Many witnesses have opined that the federal Government acted too late against the insurgents. The initial success of the action is proved by the fact that in barely 30 days, the Pakistan Army, with a combat strength of 38,717 officers and men in East Pakistan,fought against Mukti Bahini and Indian Army.

The hundreds of eye-witnesses from towns and cities of East Pakistan, whose testimonies are documented in this book, are unanimous in reporting that the slaughter of West Pakistanis, Biharis, and other non-Bangalis and of some pro-Pakistan Bengalis had begun in the early days of the murderous month of March 1971.

A major falsehood spread by India and later parroted by some Bangladeshis is that Pakistan Army carried out genocide of three million Bengalis. Pakistan Army may have carried out some atrocities but not to that extent. The total strength of Pakistan Army in East Pakistan was 40,000 apx. It is not humanly possible for this number to commit that level of genocide as being accused. Independent sources also disprove the claim. Sharmila Bose in her book Dead Reckoning says "Many Bengalis—supposed to be fighting for freedom and dignity—committed appalling atrocities (against Biharis and West Pakistanis). And many Pakistani army officers, carrying out a military action against a political rebellion, turned out to be fine men doing their best to fight an unconventional war within the conventions of warfare..."

Dr M. Abdul Mu'min Chowdhury, a Bengali nationalist who actively participated in the separatist cause, in his publication Behind the Myth of 3 Million, challenges the falsehood. Citing an extensive range of sources to show that what the Pakistani army was carrying out in East Pakistan was a limited counter-insurgency, not genocide, the scholar discloses that after the creation of Bangladesh, an announcement was made to pay Taka 2,000 to every family that suffered loss of life where upon only three hundred thousand families claimed such compensation. Had there been three million individuals dead, their families would have claimed for compensation.

Another tall tale is of 93,000 Pakistani Prisoners of War. There were only 40,000 armed forces personnel; the remaining comprised Pakistan government officials, pro-Pakistan citizens and post offices, railways and PIA officers and staff.

After the fall of Dhaka, Indian army and Mukti Bahini arranged mass slaughter ceremonies of Pakistanis and Bihari Muslims in Dhaka Race course ground. Thousands of Bengali Muslims were also butchered who had sided with Pakistan against India and Mukti Bahini.

In front of cheering crowds of Mukti Bahini terrorists and Indian army troops, one by one, these Pakistanis were brought, tortured, their eyes taken out and they were bayoneted in sadistic macabre .

Most of these young Pakistani Bengali and Biharis who were butchered by the Indian Army and Mukti Bahini one by one. Just look at the arranged massacres and butchery in the Dhaka race course ground. Such massacres were arranged all over East Pakistan after the fall of Dhaka.

***Halli***

# Pro Indian Tilt

Renowned political thinkers, Hobbes, Machiavelli and Morgenthau opine that rulers act upon immoral activities like deceit, fraud and falsehood which become the principles of political morality. In one way or the other, they also follow these tactics in seeking revenge to fulfill their selfish aims. But such a sinister politics was replaced by new trends such as fair-dealings, forgiveness, reconciliation and economic development.

In this regard, former President of South Africa Nelson Mandela was recently buried in his native town with great respect and grace under the shadow of dripping tears and mourning—recalling his underlined message that constructs like reconciliation and clemency were much superior and morally sound than taking revenge, while pursuing the policies of friction. His departure brought end of a legend who taught world's politicians to develop moral courage and will power to demonstrate reconciliation and compassion for others. He rejected the mundane approach to undertake harsh decisions driven by crude sense of retribution and foul practice of violence. All peace-loving people of the world feel pride in paying tributes to Nelson Mandela.

Unfortunately in Bangladesh, it has become difficult to pay homage to Nelson Mandela because by acting upon the immoral activities of the past theorists, and in order to address old grievances of Awami League, the government led by Prime Minister Sheikh Hasina Wajid hurriedly executed the death penalty of a political opponent. Thus, she has created an atmosphere of hatred, vengeance and conflict.

Obsessed with strong motives of revenge and political expediency, Bangladesh government hanged him by disregarding the appeals of the UN Secretary General, human rights organizations and objections, raised by law experts on the question of fair trial and skewed judgment. These entities seriously pointed fingers at even-handedness of the trial, quality of evidence, while questioning the fairness of justice and vengeance by the government and judiciary in Bangladesh.

However, real causes behind his execution are quite different from those of the obvious ones. In this respect, in her desire to appease India, Prime Minister Hasina Wajid's government has executed on charges for which only rustic and speculative evidence was used, which is against the spirit of proving a charge. While, evidence should be beyond any reasonable doubt especially when it is the question of life and death, but when political government and judiciary form a nexus, such blunders appear as the outcome which amounts to judicial murder. So, both the executive and the judicial bodies would not be able to remove such dirty spots from their politico-judiciary history sheet.

In this context, Prime Minister Hasina and its like-minded clique of judiciary have derived the sadistic pleasure and emotional gratification in swift elimination of a political rival, but the entire scheme uncovered insular mindedness and narrow mentality of the Bangladesh leadership. The ruling party, Awami League has failed to perform well during its term of governance, and has brought about political instability, social strife and financial problems in the country. Owing to incompetence and flawed policies, Prime Minister Hasina Wajid has totally failed in resolving the problems of the impoverished masses. Therefore, she is generally known as an Indian puppet. Now, Awami League desires to win the forthcoming elections on the basis of hate-vote and vindictive politics.

Notably, to keep her in power, Prime Minister Hasina amended the constitution for the holding of elections under a non-party set up and the opposition has accused her for manipulating the electoral process to establish a one party state. The fifteen party opposition alliance led by Begum Khalida Zia did not file nominations for the January 5 polls, sticking to their stance of boycotting the elections over the failure of Hasina Wajid to form a neutral interim government. It is feared that the whimsical decisions of the leadership and not listening to the opposition demand, would lead to more bloodshed in that poor country.

In fact, since Prime Minister Sheikh Hasina came into power, India has been employing various tactics to entrap Bangladesh by exploiting her pro-Indian tilt to fulfill its strategic interests. In this context, Prime Minister Hasina has been pursuing Indian directions by conducting anti-Pakistan campaign. Therefore, after passing of 42 years to the events of 1971, which resulted into the separation of East Pakistan, Abdul Quader was hanged. Till the very end before creation of Bangladesh, he remained supporter of a united Pakistan .When Pakistan's National Assembly expressed concern over the execution, with the backing of Bangladesh government, a majority of the workers of Awami League and Bengali Hindus continued demonstrating outside the Pakistan High Commission in Dhaka, demanding the expulsion of the Pakistani envoy. While chanting anti-Pakistani slogans, officially-arranged protesters in Bangladesh also burnt Pakistan's flag. In this connection, Pakistan's Foreign Office said in a statement that execution was internal matter of Bangladesh which "is our neighbouring Islamic country…Bangladesh should avoid blame game and try to further strengthen relations .

But, by neglecting Islamabad's positive approach, Bangladesh government has continued its anti-Pakistan approach to please India. It could be judged from the statement of Prime Minister Hasina Wajid who vocally said, "Bangladesh has no room for the people loving Pakistan." On the other side, the execution led to widespread violent protests by the opposition activists, which resulted into the deaths of more than 40 people, as police shoot those who raised their voice against the policies of Hasina Wajid government.

Nevertheless Prime Minister Sheikh Hasina has been following pro-Indian policies. In this context, on the secret insistence of India, unlike the past years, a ceremony was held in Dhaka on March 24, 2013, with full pump and show to honour 'Foreign Friends of Bangladesh Award,' in relation to the separation of East Pakistan. For this aim, several foreign friends who included various institutions and media anchors from various countries, particularly India were invited. The main purpose behind was to distort the image of Pakistan and its armed forces regarding alleged atrocities, committed against the Bengalis. Notably, on the instruction of New Delhi, in December, 2012, Prime Minister Hasina had refused to attend D-8 conference in Islamabad unless Pakistan tendered apology for the alleged genocide of Bengalis.

In the recent past, a book titled, "Sheikh Mujibur Rahman: The Unfinished Memoirs" written by the Bengali leader Sheikh Mujibur Rahman as his autobiography has been simultaneously released in Bangladesh, Pakistan and India. Without grasping reality, the book misconceived that it was not Sheikh Mujibur Rahman and Bengalis who wanted to break up Pakistan, but actually created Pakistan. While a famous Bengali journalist Sarmila Bose authored a book, "Dead Reckoning: Memories of the 1971 Bangladesh War" after thorough investigation. Her book was published in 2011. While countering exaggerations of the Indian and Bengali Journalists, Bose argues that the number of Bengalis killed in 1971 was not three million, but around 50,000 while Bengalis were equally involved in the bloodshed of Punjabis, Biharis, Pashtoons and Balochis.

Majib was already in connivance with India for separation of East Pakistan. Therefore, when East Pakistan was occupied by Indian Army in 1971, he stated with pleasure that his 24 years old dream of an independent Bangladesh had been fulfilled. He had earlier developed his contacts with Indian rulers and training camps of Mukti Bahini, established by Indian army and RAW which also funded Mujibur Rehman's general elections in 1970. Reliable sources indicate that Ms. Hasina directed her staff to close the chapter of water and border conflicts with India. Besides, the Awami League has given transit trade facilities to Bharat—a move which has been resisted by the Bangladeshi patriots for the past several decades. In this respect, a writer has rightly said, "Hasina Wajid again started Honey Moon Period

***Sajjad***

# वैज्ञानिक विधि र विज्ञान–शिक्षण

*शम्भु लोहनी*

भौतिक संसारबारे जानकारी दिने साधन नै विज्ञान हो । विज्ञानबाट लम्बाइ, आयतन, आकार आदि नाप्न या नापको एकाइमा व्यक्त गर्न सकिने कुराको बयान गर्न मिल्छ । यतैबाट यसको क्षमता र विवशता देखा पर्छ । वैज्ञानिकलाई एउटा राम्रो मूर्ति बनाएर दिएमा उसले त्यस्तै मूर्तिको प्रतिरूप दिन सक्छ, तर वैज्ञानिक ज्ञानका आधारमा उसले आफैँ कुनै राम्रो मूर्ति सिर्जना गर्न सक्दैन । किनकि सौन्दर्य विज्ञानको कार्यक्षेत्रभित्र पर्दैन । प्रत्येक विषयको आफ्नै कार्यविधि हुन्छ । विज्ञानको पनि आफ्नै कार्यविधि छ, जुन 'अवलोकन' मा आधारित हुन्छ । यही कार्यविधि अपनाएर विज्ञानले मानवजीवनमा एउटा यस्तो क्रान्ति ल्याएको छ, जुन तीन सय वर्षअघि प्रायः असम्भव देखिन्थ्यो । ब्रह्माण्ड र प्राणीबीचको सम्बन्ध जस्तो गहन र जटिल विषयमा जतिसुकै धेरै वैज्ञानिक प्रगति भए पनि मानिसले जानेका कुरा नजानेका कुराको तुलनामा महासागरअघि दुईचार थोपा पानीजत्तिकै नगण्य छन् । विश्वविख्यात वैज्ञानिक न्युटनले भनेका छन्, 'ज्ञानको महासागरमा म त एउटा सानो बालक हुँ, जो बगरको बालुवा केलाएर बस्छ, जब कि सागरको गहिराइमा रहेका रत्न भेट्टाउनु त कता हो कता क्ष' हामीजति जान्दै जान्छौँ उति हाम्रो अज्ञानता बढ्दै जान्छ । ज्ञान नै सत्य हो र सत्य ब्रह्माण्डसरह नै अनन्त छ ।

विश्व इतिहासका पाना पल्टाएर हेर्ने हो भने विभिन्न समयमा रहेका अन्धविश्वास र धर्मका नाममा भएका दमनसम्बन्धी सही ज्ञानको अनवरत खोजीमा वैज्ञानिकले स्वयं आहूति भएर पनि सत्यलाई अघि बढाएका छन् । उनीहरूको परिश्रम, त्याग, तपस्याबाट आर्जित र निर्मित गोरेटो जसलाई हामी 'वैज्ञानिक विधि' ले सम्बोधन गर्छौं, त्यही नै आज वैज्ञानिक खोजको महामन्त्र भएको छ ।

तथ्यको खोजीमा प्रवेश गर्दा वैज्ञानिकलाई सबैभन्दा पहिले आफ्ना अघि देखापरेका समस्याले नै घचघच्याउँछन् । आफ्नो वातावरणमा देखापर्ने अनेकन घटनाको सूक्ष्म अवलोकन र तिनका कारणबारे गहिरिएर प्रश्न गर्नु नै समस्या पहिल्याउनु हो । गिर्जाघरमा हल्लिरहेको बत्ती प्रार्थना गर्न आउने सबैले देखेका थिए । तर, ग्यालिलियोले मा त्यसको चालको सूक्ष्मतम अवलोकन गरी त्यसबारे खोज गर्न सके । त्यस्तै गुरूत्वाकर्षणको सिद्धान्त प्रतिपादन गर्ने न्युटनभन्दा अघि पनि रूखबाट स्याउहरू खसेकै थिए । यस्ता अनगिन्ती कुरा हाम्रा अगाडि नघटेका र नभएका होइनन् । तर, तिनलाई देख्ने आँखा चाहिएको छ । त्यसैले विद्यालयमा तल्ला तहका कक्षादेखि नै विद्यार्थीलाई अवलोकन र प्रयोगबाट देखिएको हरेक समस्यामाथि प्रश्न गर्ने बानीको विकास गर्नु आवश्यक छ । यसका लागि विद्यार्थीलाई नै विभिन्न वैज्ञानिक प्रयोग गर्न सचेत गरेर, समय र साधन अभावमा शिक्षक स्वयंले प्रदर्शन गरेर, विभिन्न स्थानको शैक्षिक भ्रमण गराएर, विद्यार्थीलाई विभिन्न वैज्ञानिक परियोजना तर्जुमा गराएर पनि वैज्ञानिक प्रवृत्ति विकास गराउन सकिन्छ । विद्यालयदेखि एउटै गाउँमा सधैं आउने जाने विभिन्न विद्यार्थीले गाउँ र विद्यालयबीच पर्ने धारो, पसल, रूख आदि अनेकौं कुराको सूक्ष्मतम बयान एकैप्रकारले गर्न सक्लान् ? त्यस्तै रक्त सञ्चालन कसरी हुन्छ, जमिनबाट जराले कसरी पानी सोस्छ, हामी किन र कसरी सास फेर्छौं, बादल कसरी बन्छ, पहाड कसरी बन्छ, दिनरात कसरी हुन्छ आदि वैज्ञानिक तथ्यबारे शिक्षकले कक्षाकोठामा मेघ गर्जेझैं गर्जेर सो विद्यार्थीको मस्तिष्कमा पुऱ्याउन सक्दैनन् । बरू यसका लागि विद्यार्थीलाई नै यस्ता समस्याबारे अवलोकन गर्न र बुझ्न अग्रसर गराउनु उपयोगी हुन्छ । स्वाभाविक प्रक्रियाबाट विज्ञानमा जेजति सिकाउन सकिन्छ, कोरा ज्ञानको बोझ लादेर मात्र त्यो सम्भव हुँदैन ।

समस्या पत्ता लगाउनु जति जरूरी छ, समाधानका लागि उपयुक्त तरिका अपनाउनु उति नै महत्वपूर्ण हुन्छ । प्रश्न फेला परेपछि जसरी वैज्ञानिकले ततसम्बन्धी गरिएका खोजी र तथ्यको अध्ययन गर्छन्, सोही प्रकारले विद्यार्थीलाई पनि शिक्षकले सम्बन्धित तथ्य अध्ययन र संकलनका लागि महत्वपूर्ण निर्देशन दिन सक्छन् । विद्यार्थीसँग भएका पाठ्यपुस्तक सहायक पुस्तक, शिक्षक आदि नै विद्यार्थीका लागि आवश्यक जानकारीका प्रमुख स्रोत बन्न सक्छन् । यसका अतिरिक्त कक्षामा सञ्चालन गरिने छलफलमा विद्यार्थीले समस्या समाधानका लागि परिकल्पना तयार गर्न सक्छन् । उदाहरणार्थ नाइट्रोजनयुक्त मलको प्रयोगबाट धानको उब्जाउमा पर्न जाने असर के हुन्छ भन्ने समस्या समाधानका लागि ततसम्बन्धी आफ्नो अध्ययनपछि विद्यार्थीले यदि नाइट्रोजन बिरूवा वृद्धिका लागि वाञ्छनीय भएको र आवश्यक मात्रामा नाइट्रोजन उपलब्ध भएमा धानको उब्जाउ राम्रो हुन सक्छ भन्ने परिकल्पना गरेपछि सो परिकल्पना कहाँसम्म ठीक हुन्छ, प्रयोगद्वारा अध्ययन गर्न लगाउन सकिन्छ । वैज्ञानिकले झैँ विद्यार्थीलाई पनि तर्कसंगत तवरले आफ्नो परिकल्पना मूल्यांकनका लागि समान माटो, पानी, घाम, बिउ, समय आदिका आधारमा उनीहरूबाट प्रयोग गराउन सकिन्छ । सम्पूर्ण क्रियाकलाप र वातावरण समान राखेर एकथरी विद्यार्थी चार किलोग्राम र अर्कोलाई त्यस्तो मल नराखेर नियन्त्रित प्रयोग गराई बिरूवा विकासमा नाइट्रोजनयुक्त मलको प्रभाव जाँच्न सकिन्छ । यस्ता प्रयोगले पूर्वपरिकल्पनालाई मान्यता दिने, बहिष्कार गर्ने या संशोधन गर्दै अघि बढ्ने स्थिति आउन सक्छ । यसरी गरिने प्रयोगबाट भेटिएको सिद्धान्त कतिसम्म ठीक छ भनेर जाँच्नका लागि समालोचनात्मक प्रयोग गर्न सकिन्छ । यस्तो प्रयोगबाट वैज्ञानिकलाई सिद्धान्तको त्रुटि थाहा पाउन सजिलो हुन्छ । माथिकै प्रयोगअनुसार धानका लागि नाइट्रोजनको आवश्यकता प्रस्ट भएपछि यो सिद्धान्त अन्य बिरूवामा नाइट्रोजनयुक्त मल हालेर जाँच गर्न सकिन्छ । कुनै बिरूवामा त्यस्तो मलले कुनै फाइदा भएन या अझै बेफाइदा भयो भने नाइट्रोजन उपयोगिताको सिद्धान्तमा संशोधन गर्नु जरूरी हुन्छ ।

**विश्व इतिहासका पाना पल्टाएर हेर्ने हो भने विभिन्न समयमा रहेका अन्धविश्वास र धर्मका नाममा भएका दमनसम्बन्धी सही ज्ञानको अनवरत खोजीमा वैज्ञानिकले स्वयं आहुति भएर पनि सत्यलाई अघि बढाएका छन् । उनीहरूको परिश्रम, त्याग, तपस्याबाट आर्जित र निर्मित गोरेटो जसलाई हामी 'वैज्ञानिक विधि' ले सम्बोधन गर्छौं, त्यही नै आज वैज्ञानिक खोजको महामन्त्र भएको छ ।**

यसरी परिकल्पनालाई अगाडि बढाएर विभिन्न प्रयोग गरिएपछि ती प्रयोगबारे सूक्ष्मतम र ठीक तवरले अवलोकन गर्न सिकाउनुपर्छ । प्रयोगबाट देखापरेका नतिजालाई पूर्वाग्रहरहित र वस्तुगत तवरले प्रयोगबाट जो देखिन्छ, त्यही यथार्थ रूपमा अभिलेख राख्नुपर्छ । यसरी अभिलेख राखेपछि आफ्नो प्रयोगबाट निर्धारित प्राप्तिलाई लिपिबद्ध रूपमा व्याख्या गर्नु र प्रतिवेदन प्रस्तुत गर्नु महत्वपूर्ण हुन जान्छ । निष्पक्ष र वस्तुगत तवरले ठोस निष्कर्षमा विद्यार्थीलाई पुग्न शिक्षकको होसियारी र जिम्मेवारीले महत्वपूर्ण काम गर्छ । प्रयोग गर्दा सधैँ उही नतिजा निस्केमा त्यो वैज्ञानिक नियम बन्न जान्छ । तर, विज्ञानको विद्यार्थीले सो नियम कुनै पनि वेला काटिन सक्छ भन्ने तथ्यबारे खुला हृदय राखिरहेको हुनुपर्छ ।

यसरी विद्यार्थीको बेग्लाबेग्लै समूहमा आ–आफ्नो प्रतिवेदन तयार गरेपछि हरेक समूहले आफ्नो कक्षाका अन्य सहयोगीलाई आफूले गरेका प्रयोग र निष्कर्षको बोध गराउन लगाउन सक्छ । त्यसवेला अन्य विद्यार्थीले त्यस्तो प्रतिवेदनमाथि गरिएका टीकाटिप्पणी र त्यसको प्रत्युत्तर र बहसको उपज विज्ञान शिक्षाको महान् उपलब्धि हुन सक्छ । कोरा सिद्धान्त रटाउनुको बदला यस प्रकारका क्रियाकलाप विद्यालयको साधन, क्षमताले भ्याउने गरी सञ्चालन गर्नसके विद्यार्थीको वैज्ञानिक क्षमता विकासमा महत्वपूर्ण योगदान मिल्न सक्छ । मानव प्रकृति स्वभावैले अवैज्ञानिक हुन्छ । विभिन्न क्रियाकलाप र प्रयोगबाट प्राप्त तथ्यलाई समेत ऊ आफ्नै इच्छापूर्ति गर्ने तवरले व्याख्या गर्छ । त्यसैले प्रशिक्षकको लामो र कठिन प्रयासले मात्र मानव मस्तिष्कमा वैज्ञानिक अभिवृत्तिको बीजारोपण गर्न सकिन्छ । विद्यालयस्तरमा विज्ञान शिक्षाको उद्देश्य विद्यार्थीलाई नयाँनयाँ कुरा आविष्कार गर्ने, पत्ता लगाउने या वैज्ञानिक बनाउने होइन । यसको उद्देश्य उनीहरूमा वैज्ञानिक प्रवृत्ति विकास गर्नु हो, जसले गर्दा उनीहरू भविष्यमा कुशल राजनीतिज्ञ, अर्थशास्त्री, व्यापारी र संक्षेपमा कुशल नागरिक बन्न सकून् । यस्तै प्रयत्नबाट भविष्यका ग्यालिलियो, न्युटन, आइन्स्टाइनहरू हाम्रो विद्यालयभित्रै नजन्मेलान् भन्ने के छ र ?

# राज्यमा महिलाको पहुँच खोई ?

***भगवती बस्नेत***

महिला भएकै कारणले लैंगिक विभेदका कारणले हुने हिंसालाई पनि हिंसा नै मानिएको छ । महिला हिंसा माथि हुने लैंगिक हिंसाका बिषयमा आखिर हिंसा किन हुन्छ ? यो के का लागि हुन्छ ? यी मुख्य कुरा बुझ्न जरूरी छ । मान्छेले पशु माथि गर्ने हिंसा भनेको उसको जीवन निर्वाहसँग जोडिएको हुन्छ । एक जाति र धर्म विशेषमा हुने हिंसाहरू पनि आ ? नो असतित्व स्थापित गर्न या लाद्नको लागि हुनसक्छ । तर महिला माथिको हिंसा मुख्यतय अतितदेखि लैंगिकताका आधारमा हुने गरेको छ ।

बहुविवाह, अनमेल विवाह र त्योसँग जोडिएको क्रूरताको पराकाष्ठ सति प्रथा आदि पितृ सत्तात्मक व्यवस्थाले मच्चाएको हिंसा थियो । मातृ सत्तात्मक आदिम कालमा आएको आमाको भूमिका क्षयिकरणले र पुरूष शक्तिको व्यबस्थाको पहुँचले जन्माएको पितृ सत्तात्मकताले नारीलाई केवल खेलौना र भोग्य वस्तु भन्दा माथि उठाएर राख्न सकेन ।

सदियौं देखिको महिलाहरूको भोगाइ आधुनिक समाजमा पनि चेलीबेटी बेचबिखन र सहर बजारका बेश्याबृतिले समस्या ज्यूँका त्यूँ छन् । कतै आत्नै बाउले छोरीलाई बलात्कार गरेका छन्, कतै ससुराले बुहारी माथि बलात्कार गरेका छन् र कतै आत्नै श्रीमानले अनेक बहानामा आत्नै श्रीमतीको हत्या गरिरहेका छन् ।

महिलाहरू आत्नै घरमा सुरक्षित छैनन् । होटल, रेष्टुरेन्ट, बार तथा खाडी मुलुकमा काम गर्ने महिला श्रमिक माथि इच्छा विपरित यौन हिंसा हुने गरेको सुनिदै आएको प्रसङ्ग नै हो । यस्तो कहालिलाग्दो तथ्यलाई नारा बनाए तापनि महिला हिंसा रोकिएको चाहिं छैन ।

गाउँबस्तीहरूमा निम्न बर्गीय परिवारमा चेतनाको कमी र गरिवी र बेरोजगारीको कारणले मानिसहरू मदिरा सेवनमा परेर घरेलु हिंसा दिनानुदिन बढिरहेको छ । यस्ता घटनाका श्रृँखलाहरू रोकिएको छैन । सकारले लैङगिक हिंसा विरूद्धको अन्तराष्ट्रयि अभियान सुरू गरे तापनि हिंसा पीडित आफै अग्रसर नभइकन न्याय पाउने अबस्था नै देखिएको पाइदैन । विशेषगरि लैंगिक रूपमा महिला माथि पैरवीको पाटोमा सन्तोषजनक सुधार भएको नै देखिदैन ।

नेपालमा लोकतन्त्र आयो, गणतन्त्र आयो । तर महिलाको लागि कुनै राम्रो व्यवस्था आएको देखिएन । अब त महिला हिंसाले समाजमा जरो गाडेको छ । यो जरा गाडेको कुरा कसरी उखेलेर फाल्ने त भन्ने नै आजको प्रमुख समस्या हो । हरेक पटक गरिने सभा, सम्मेलन र गोष्ठी र ठूला तप्काका भेलाले यी समस्यालाई समाधान गर्न कति सहयोग गर्यो त ?

सहर बजारमा केन्द्रीत सभा सम्मेलनहरू हिमालदेखि तराइसम्मका निरिह निरक्षर महिलाले कति सुन्न र देख्न पाए हवलान् त ? एकातिर निरिह गाउँ र बसतिका महिलाहरूलाई ज्ञान चेतना बढाई उनीहरूमाथि आर्थिक तथा सामजिक हैसियत मजबूत पार्नु पर्ने छ । अर्कोतिर राज्यमा महिलाको दरो उपस्थिति बनाइ महिलाको समस्या महिलाले नै बुझ्न सक्छन भन्ने कुरा पनि स्थापित गर्नु छ क्ष तर बर्तमानमा यो कुरा सम्भव छ त ?

राजनीतिदेखि कर्मचारी तन्त्रसम्मको माथिल्लो संबैधानिक निकायमा महिलारूको उपसथिति दरो हुनुपर्छ । हिंसा रोक्नको लागि पुरूषहरूमा समेत जनचेत जगाई उनीहरूलाई समेत लिएर अगाडि बढ्दा मात्र लाभदायी बन्न सक्छ । कतिपय ठाउँ र अवस्थामा अझै पनि पुरूष शकतिलाई बढी महत्व दिने गरिन्छ । दिदी र भाइ समान हुन् भन्ने कुरा आत्मसाथ हुन सकिरहेकै पनि छैन । कोही लिङ्ग कै आधारमा अवला र सवला या विशेष हुदैन भन्ने कुरा घरबाट नै सिकाउन जरूरी छ । हिंसाको सुरवात घरबाट हुने गर्छ त्यसैले सबैभन्दा जिम्मेवार पनि घरपरिवारमा छ । त्यसपछि विध्यालय, समाज र राष्ट्र उत्तरदयित्व हो ।

अझै पनि हाम्रो समाजमा सामाजिक संस्कृति रूपान्तरण भएको छैन । यो सामाजिक रूपान्तरण भनेको महिलालाई राज्यको मुख्य अंग प्रत्यंग्मा स्थापित गरेपछि मात्र सम्भव हुन्छ । राज्यले कागजी कुरामा एक थोक र ब्यबहारमा अर्को कुरा गर्नु हुन्न । हातिको जस्तो देखाउने दाँत एउटा र चबाउने दाँत अर्को भए झैं फरक भयो भने नारी हिंसाले राष्ट्रलाई नै अधोगतितर्फ पुर्याउन सक्छ ।

अहिलेको हिंसाको विषय भनेको नै हाम्रो रूढीवादी परम्पराको लैंगिक भेद नै प्रमुख मानिन्छ । त्यसैले यो लैंगिक हिंसाको अन्त्य नभई राज्यले अग्र गति दिन सक्दैन । जब समाजमा बिभिन्न क्षेत्रमा भएका मानिसहरूले हिंसा साझा सरोकार भनिन्छ । तर जिम्मेवार सस्था वा कुनै ठाउँबाट यसको दायित्व लिइरहेको अवस्था पनि देखिदैन । कुनै दलित छ भने त्यो विषय उसैले उठाउन पर्ने, महिलाको भए महिलाले नै उठाउन पर्ने भन्ने साँगुरो सोच भइन्जेल यसको अन्त्य पनि सम्भव छैन ।

कुनै पनि महिलामाथि भएको हिंसा महिलाको मात्र हिंसा होइन । मानवता बिरूद्दको हिंसा हो भनेर सबैले सोचिदिए यसको समाधान सजिलै हुन सक्छ । अर्को साइबर संसार जहाँ आधुनिक जमाना नयाँ सूचना प्रणालीको सही सदुपयोग गर्न सकेका छैनौ । हामी पुराना सस्कारमा छौ । नयाँ चिजको उपभोग गर्ने आधुनिक बन्न खोज्ने तर हामीले बाँच्ने हाम्रो सोच र चिन्तनमा अझै पछौटेपन देखिएको छ । दक्षिण एशियामा नै महिला हिंसाको स्तर डरलाग्दो रहेको कुरा पछिल्लो समाचार माध्यमले देखाएको छ । पासविक कार्यमा कुरताको साथमा हामी यसको विरोधमा प्रयोग भएनौ भने यो क्रम रोकिदैन । अन्यायमा परेका पीडितले सजिलैसँग एफ आइ आर दर्ता गर्न सक्ने वातावरण हुनु पर्छ । समय र परिसथिति अनुसार कानुन बदल्नु पऱ्यो तबमात्र महिला हिंसा कम हुन् सक्छ क्ष

आत्नो हक अधिकारको समान हैसियतको साख राख्न एकाउन्न प्रतिशत भूमि ओगटेका नेपाली महिला जगतले आफूलाई समयको मूल धारमा ल्याउन निक्कै कसरत गर्नु पर्ने देखिन्छ । जबसम्म राज्यको पहुँचमा नारीहरूको दरो उपस्थिति हुदैन तबसम्म वर्तमानमा देशले पाउने निकासा पनि सहज देखिदैन । देशको यति ठूलो हिंसालाई विभिन्न बहानामा अझै पनि पछाडि पार्ने हो भने नयाँ नेपालको परिकल्पना पनि नारामा नै सीमित रहने छ । त्यसैले यो नारालाई पनि गतिशील बनाउन सम्पूर्ण नारीहरूले आत्ना हरेक क्षेत्रबाट बुलन्द आवाज उठाउनै पर्छ । हामीले आत्नो कर्त्यब्य र अधिकारलाई राम्ररी बुझेर आत्नो जीवनको सुरक्षा गर्न सक्छु भन्ने आत्मविश्वास जगाउनु पर्छ । एकजुट भएको सशक्त आवाजले मात्र नारीहक र अधिकारहरू स्थापित गर्न सकिन्छ । यसका लागि इच्छा शक्तिको जरूरत पर्छ । इच्छाशक्ति बलियो भएपछि कुनै पनि गन्तव्य असम्भव हुँदैनन् ।

# एनआरएनलाई सकारात्मक रूपमा हेरौं

*शेखर ढुंगेल*

बदलिदो परिस्थिति अनुरूप देशको नीती नियम कानुन बनाउंदा नागरिकलाई थप सहज सरल सस्तो र सुविधायुक्त बनाउनुको बदला झन कस्टकर र खर्चिलो बनाइदिनु राज्य वा राज्य संयन्त्रका अधिकारी हरूको बिबेकहिनता हो भन्नु अत्योक्ति नहोला । प्रसंग हो, आप्रबासी नेपालीले नेपाल मा आत्नो घर जग्गा वा अन्य ब्यबहारिक कामको लागि अन्य व्यक्ति लाई अखतियारी (अधिकार तोक्ने ) दिने ९उयधभच या बतगचलभथ)कागज लाई नेपाल को अदालत वा सम्बन्धित अन्य सरकारी कार्यालयले अनाबश्यक झन्झट अनि शंकाको भरमा बनाइएको दुख दिने कानुन को हो ।

केही महिना पहिले सम्म यो पावर ओफ अट्रोनी कागजलाई नेपाल का कानुनबिद बाट सम्बन्धित दुवै पक्षको फोटोमा प्रमाणित गरि सम्बन्धित मानिस रहेको देशमा पठाई दिने र सम्बन्धित देशको पनि कानुनबिद वा अखतियार पाएको अधिकारीबाट सम्बन्धित व्यक्तिको फोटो सहितको कागज अनि सो देश ले बितरण गरेको कानुनी परिचय पत्रको आधार मा प्रमाणित गराई सम्बन्धित देशमा रहेको नेपाली दुताबासमा पठाइने र त्यसपछि दुताबासले आबस्यक कागज पत्र हेरी प्रमाणित गरि पठाई दिने छन् चलन थियो तर दुताबासले सम्बन्धित व्यक्तिलाई भौतिक रूपमा दुताबास बोलाएर मात्र प्रमाणित गरिदिने भनेर आप्रबासी नेपालीलाई अर्को दुख दिन थालेको छ ।

यस सम्बन्धमा अमेरिका स्थित महामहिम राजदूत डा. शंकर शर्मा ज्यूसित बुझ्दा यो नियम हामीले बनाएको होइन केही नेपालीले झूठो प्रमाणिकरण गरि गलत मान्छेको नाममा पावर ओफ अट्रोनी बनाएर पठाएको पाइएकोले नेपालको अदालतले नै अब आइन्दा भौतिक रूपमा सम्बन्धित व्यक्तिलाई अगाडी राखेर प्रमाणित गरिदिने भन्ने निर्देशन आएकोले त्यसो गर्न थालिएको हो भन्नु हुन्छ । स्मरणरहोस अमेरिका मा मात्र अहिले मासिक ४०-५० वटा यस्ता कागज दूताबास पुग्ने गरेका छन् । यहाँ अनुमानित दुई लाख नेपालीको जायजेथा नेपालमै छ धेरै व्यवहार नेपाल मै छ । नेपाल सरकार वा एन आर एनको भनाइमा ३० लाख नेपाली प्रबासमा छन् त्यो पनि भारत बाहेक हुन त् कार्यकाल पुरा गरी स्वदेश फर्कन लाग्नु भएको अमेरिकाका लागि महामहिम राजदुत डा.शर्माले यो दुःख बुझेर म आफू नेपाल फर्केर परराष्ट्र मन्त्रालयमा यो समस्यालाई राख्छु पनि भन्नु भएको छ ।

अब त्यसो हो भने नेपालका नीती निर्माता वा कानुन निर्माताले के बुझ्नु पर्छ भने एक त प्रवासमा दुताबासमा भौतिक रूपमा उपस्थित हुनु भनेको नेपालको वडा, गाविस वा जिल्ला कार्यालयमा धाए जस्तो हुन्न युरोपियन जस्ता साना-साना देशमा पनि सम्भब होला वा नहोला तर सजिलो भने हुँदैन किन भने बिदेशमा काम छोडेर हिड्न कति गाह्रो र महँगो पर्छ त्यो व्यहोर्ने लाई नै थाहा हुन्छ ।तर अमेरिका क्यानडा जस्ता देशमा भने असम्भब प्राय नै हुन्छ । अझ कतिपय नेपालीहरू अमेरिका को छिमेकी देश मेक्सिको मा छन् कोही कानुन सम्मत छन्, कोही अबैध तरिकाले त्यसमा पनि बैध तरिकाले बसे पनि अमेरिकाको भिषा पाउन सहज छैन, यस्तो अबस्थामा ती नेपालीले के गर्ने ? कसरी अमेरिका स्थित दुताबासमा उपस्थित हुने ? के ति नेपालीले आत्नो देशमा भएको चाल अचल सम्पत्ति लाई चलाउन न पाउने कतिपय त आर्थिक संकटमा परेर भएको जेथा बेचेर यता व्यवहार मिलाउन खोज्ने पनि छन् के उनी हरूको जीवन बर्बाद गरिदिने कानुन अर्थात् राज्यको अबिबेको नियम को कारण को सहारा लिएर ?

उदाहरणको लागि अमेरिका को पश्चिम तट क्यालिफोर्निया बाट पुर्बीय तट डी सी जहाँ नेपाली दुताबास छ त्यहाँ पुग्न ६ घण्टा त प्लेन कै यात्रा हुन्छ अनि बिमानस्थलसम्म पुग्ने समय दुई घन्टा अगाडी विमानस्थल पुग्नु पर्ने समय अनि विमानस्थलबाट दुताबास पुग्ने समय अनि खर्च एउटा पाटो छ भने अर्कोतर्फ यहाँ पावर ओफ अट्रोनी सित सम्बन्धित व्यक्ति युवा वा पुरुष मात्र हुन्छन भन्ने छैन बृद्ध असक्त अनि महिला हजुरआमा हजुर बुबा पनि हुन सक्छन अनि वहा हरू यस्तो अबस्थामा भौतिक रूपमा उपस्थित हुन सहज हुन्छ ? यस्तो नियम कसरी ब्यबहारिक हुन्छ ?एउटा ले गरेको बदमासी को अरू सिधासाधाले पीडा भोगु पर्ने ? बदमासी गर्ने लाई दण्डित गर्ने बिधि र प्रक्रिया पो अपनाउनु पर्छ त्यसको कारण अरूले दुख पाउने अव्यबहारिक नियम लाई सच्याउनु अनिबार्य छ ।

र सम्बन्धित देशले अखतियार गरेको कागजपत्र प्रमाणिकरण गर्ने अधिकारीले प्रमाणित गरेको कागज लाई नेपालको अदालत वा अन्य सम्बन्धित कार्यालयले मान्यता दिन्न भन्नु आफैमा अर्घेल्याई मात्र हो र नागरिक को दुख पीडा र खर्च नबुझ्नु हो ।

तसर्थ आप्रबासी नेपाली को हक हितमा खुलेका दर्जनौ सैयौ संघ सस्था वा एन आर एनले यस समस्या सम्बन्ध मा नेपाल सरकार लाई बुझाएर यो आप्रबासी नेपाली लाई दुख र झन्झट दिने नियम परिमार्जित गराउनु परेको छ जुन पहिले थियो त्यहि कायम गर्नु अनिबार्य छ ।सम्बन्धित देशले तोकेको नियम अन्तर्गतका अधिकारीले गरिदिएको प्रमाणित कागजलाई मान्यता दिन्न भन्नु उचित हुन्न । अर्को बिडम्बना के छ भने दूताबासमा पहुच भएकाले भने उपस्थित नभए पनि कागज बनाएर पठाई दिने, पहुँच छैन भने महँगो पर्ने दूताबासमै ज्यू हजुर गर्न पुग्नुपर्ने यस्तो अविवेकी र असहज नीतीलाई सुधारेर आत्ना आप्रबासीलाई सहज हुने सस्तो पर्ने बनाउनु पर्छ । गलत गर्नेलाई दण्डित गर तर गलत हुन्छ भन्ने शंकाको भरमा नियम कानुन बदल्ने वा दुख दिने झन्झट हुने नियम बनौन पाइदैन ।सम्बन्धित निकायले समय मै सोचेर आप्रबासी नेपालीलाई सहज बनाउने नीती अबलम्बन गरोस् ।

# नेपाल बैंकका कर्मचारीलाई बोनस खुवाउन रोक

काठमाडौं । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपाल बैंकका कर्मचारीलाई बोनस खुवाउन रोक लगाएको छ । सञ्चित नोक्सानी भएको बैंकले बोनस वितरण गरेको फेला परेपछि अख्तियारले सञ्चित नाफा नभएसम्म कर्मचारीलाई बोनस नखुवाउन निर्देशन दिएको हो । बैंक अझै पनि करिब ४ अर्ब रूपैयाँको सञ्चित नोक्सानीमा रहेकाले वार्षिक नाफा कमाएकै आधारमा बोनस वितरण स्वीकृति नदिन अख्तियारले ४ पुसमा अर्थ मन्त्रालय र राष्ट्र बैंकलाई निर्देशन दिएको थियो । वित्तीय रूपमा बैंक धराशायी बनेपछि व्यवस्थापन अहिले राष्ट्र बैंकले सम्हालिरहेको छ भने बैंक हाल सुधारको क्रममा छ ।

अख्तियारको निर्देशनपछि बैंक कर्मचारीले गत आर्थिक वर्ष (आव) ०६९/७०को बोनस खान नपाउने भएका छन् । अख्तियारका प्रवक्ता श्रीधर सापकोटाले बैंक सञ्चित नोक्सानीमा रहेकाले गत आर्थिक वर्षको बोनस वितरण नगर्न/नगराउन अर्थ मन्त्रालय र राष्ट्र बैंकलाई निर्देशन दिइएको जानकारी दिए ।

'बैंक सञ्चित नोक्सानीमा रहेकाले गत आर्थिक वर्षको बोनस वितरण नगर्न/ नगराउन अर्थ मन्त्रालय र राष्ट्र बैंकलाई आयोगले निर्देशन दिएको छ,' प्रवक्ता सापकोटाले भने । बोनस ऐन, २०३० ले मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशतबराबरको रकम कर्मचारीलाई बोनसबापत छुट्याउनुपर्ने व्यवस्था गरेको छ । तर, सञ्चित नोक्सानी भएको अवस्थामा बोनस वितरण गर्न/नगर्ने ऐनमा प्रस्ट व्यवस्था छैन ।

वार्षिक रूपमा मुनाफा हासिल गरे पनि बैंक सञ्चित नोक्सानीमा छ । अख्तियारले करिब ५ वर्षअघि वार्षिक नाफा कमाए पनि सञ्चित नोक्सानी भएसम्म सरकारी स्वामित्वका संस्थाका कर्मचारीलाई बोनस वितरणको स्वीकृति नदिन सरकारलाई निर्देशन दिएको थियो । बैंकमा सरकारको ४० प्रतिशतभन्दा बढी सेयर छ ।

बैंकले अख्तियारको निर्देशनविपरीत कर्मचारीलाई आव ०६६/६७, ०६७/६८ मा क्रमशः २ करोड ५४ लाख १३ हजार, २ करोड ९१ लाख ८३ हजार र १ करोड ५८ लाख ३ हजार रूपैयाँ बोनस खुवाएको थियो । आव ०६६/६७ मा बैंकको नाफा ३४ करोड ९३ लाख ८२ हजार र सञ्चित नोक्सानी ७ अर्ब २५ करोड २३ लाख ५४ हजार रूपैयाँ थियो । आव ०६७/६८मा १२ करोड ८३ लाख ४७ हजार नाफा कमाएको बैंकको सञ्चित नोक्सानी ७ अर्ब १९ करोड ८ लाख १४ हजार रूपैयाँ थियो । यसैगरी, आव ०६८/६९मा १७ करोड ६३ लाख ६२ हजार बैंकको नाफा थियो भने सञ्चित नोक्सानी ७ अर्ब १३ करोड ११ लाख १२ हजार रूपैयाँ थियो ।

निर्देशनविपरीत बोनस वितरण गरेको भन्दै आयल निगम व्यवस्थापनलाई कारबाही गर्ने अख्तियार नेपाल बैंकले वितरण गरेको बोनसका विषयमा भने मौन छ । अख्तियारका प्रवक्ता सापकोटाले वितरण भइसकेको बोनस फिर्ता गर्न गाह्रो हुने भएकाले त्यसबारे कुनै निर्णय नगरिएको जिकिर गरे । उनले भने, 'बोनस लिएका कति कर्मचारीले अवकाश पाइसकेका छन्, कतिले जागिर छाडे, सोही कारण वितरण गरिएको बोनस फिर्ता गर्न निर्देशन नदिइएको हो ।'

यसैबीच अर्थ मन्त्रालयले सञ्चित नोक्सानी भएका संस्थालाई वार्षिक नाफा भएकै आधारमा कर्मचारीलाई बोनस वितरण नगर्न निर्देशन दिएको छ । मन्त्रालयका संस्थान समन्वय महाशाखा प्रमुख जन्मजय रेग्मीले अख्तियारको निर्देशनका आधारमा बोनस वितरण नगर्न संस्थानलाई केही दिनअघि परिपत्र गरिएको जानकारी दिए ।

## vjsb

# नेपालको सान्त्वना जित



काठमाडौं । एसिसी यू-१९ एसिया कपमा नेपालले मंगलबार सान्त्वना जित दर्ता गरेको छ । आयोजक युएईलाई समूह 'ए'को अन्तिम खेलमा नेपालले चार विकेटले हरायो । लगातार दुई हारसँगै नेपाल र युएई समूह 'ए'बाट बाहिरिसकेका थिए । प्रतिष्ठा जोगाउन दुवै टोली अन्तिम खेलमा भिडेका हुन् ।

दुबईको सारजहाँ रंगशालामा युएईले पहिलो ब्याटिङ गर्दै ४२.२ ओभरमा सबै विकेट गुमाएर १५९ रनको योगफल खडा गऱ्यो । प्रत्युत्तरमा नेपालले १०२ बल अगाडि (३३ ओभर) मा ६ विकेट गुमाएर १६२ रन जोड्यो । समूह चरणको पहिलो खेलमा नेपाल पाकिस्तानसँग १३२ रन तथा भारतसँग ९ विकेटले पराजित भएको थियो ।

अघिल्लोपटक मलेसियामा सम्पन्न सोही प्रतियोगितामा पनि नेपाल समूह चरणबाटै बाहिरिएको थियो । सो संस्करणमा पनि नेपालले अन्तिम खेलमा जित हात पार्दै घर फर्केको थियो । त्यसवेला नेपालले आयोजक मलेसियालाई निराश पाऱ्यो । युएईलाई सस्तो रनमा समेट्न ललित भण्डारी र सुशन भारीले उत्कृष्ट बलिङ गरेका थिए । भारीले ३४ रन खर्चेर सर्वाधिक चार तथा भण्डारीले ४३ रन खर्चेर तीन विकेट लिए । कप्तान भुवन कार्कीले ३८ रनमा दुई तथा रामनरेश गिरीले १९ रन दिएर एक विकेट लिँदा युएईका कुनै पनि ब्याट्सम्यान क्रिजमा लामो समय टिक्न सकेनन् ।

लक्ष्य पछ्याएको नेपालको सुरूवात निकै खराब रह्यो । इनिङको दोस्रो बलमै नेपालले ओपनर अमित श्रेष्ठ (०) लाई गुमाएको थियो । त्यसपछि प्रकाश विष्ट (२२) र विभत्सु थापा (९)ले दोस्रो विकेटका लागि २० रनको साझेदारी गरे । विष्टले राजु रिजाल (२७)सँग तेस्रो विकेटका लागि २८ रनको साझेदारी गर्दै नेपाललाई ११.५ ओभरमा ४९-३ को अवस्थामा पुऱ्याए ।

विष्टले आफ्नो विकेट गुमाउनुअघि ३० बलमा दुई चौका ठोके । अरिफ सेख (२७)ले राजुसँग चौथो विकेटका लागि महत्वपूर्ण ४१ रनको साझेदारी गर्न सफल रहे । नेपालको स्कोर उकास्न अग्रसर भइरहेका रिजाललाई जय जोशीले बोल्ड गरे । रिजालले ४८ बलमा चार चौका प्रहार गरे । उनी आउट हुंदा नेपाल ९०-४ को स्थितिमा रह्यो । कप्तान भुवनले १२ रनको योगदान दिएका थिए । नेपालको इनिङ्मा सिद्धान्त लोहनी (१९) र प्रताप सिंहले (७) रनको योगदान दिए ।

नेपालको इनिङ्मा सर्वाधिक योगदान दिएका सरिफले ५७ बलको सामना गर्दै चार चौका र दुई छक्का प्रहार गरेका थिए । यसअघि ब्याटिङ गरेको युएईका लागि जमिन जालिलले ३१ रन तथा डिसुजाले ३२ रनको योगदान दिए । ओपनर क्रेज सुरीले २० रन र चोपराले १२ रन बटुले ।

# सेमिफाइनल समिकरण पूरा

काठमाडौं । प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिपअन्तर्गत ११औं राष्ट्रिय पुरूष हकी प्रतियोगिताको सेमिफाइनल समीकरण बुधबार पूरा भएको छ । समूह 'ए' को विजेता नेपाली सेनाले समूह 'बी' को उपविजेता सुदूरपश्चिमाञ्चलले फाइनल प्रवेशका लागि खेल्नेछ । समूह 'बी' को पूर्वाञ्चलले समूह 'ए' को उपविजेता मध्यमाञ्चलको सामना गर्नेछ ।

हेटौंडाको हुप्राचौरमा भएको समूह 'ए' को लिग खेलमा सेनाले मध्यपश्चिमाञ्चललाई ४-१ ले पराजित गऱ्यो । सेनाका शेरबहादुर रोकायाले खेलको नवौं र ५८औं मिनेटमा गोल गरेका थिए । सेनाका लागि दिपेन्द्र ऐरले खेलको १४औं तथा अमित श्रीवास्तवले खेलको ३९औं मिनेटमा गोल गर्न सफल रहे । मध्यपश्चिमाञ्चलका जुवेर हलुवाइले ४० औं मिनेटमा एकमात्र गोल गरे । राष्ट्रिय खेलकुद परिषद्को सहयोगमा नेपाल हकी संघद्वारा आयोजित प्रतियोगितामा सेमिफाइनलमा स्थान बनाइसकेका पूर्वाञ्चलले लिग चरणमा साविक विजेता सुदुरपश्चिमाञ्चललाई १-० ले हराएको थियो । यो खेलले समूह विजेता र उपविजेताको टुंगो लागेको थियो । रविलाल राजवंशीले खेलको २८ औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो ।

# मेसीले मनाए नयाँ बर्ष



अंग्रेजी क्यालेन्डर अनुसार बुधबारबाट नयाँ बर्ष सुरू भएकोछ । सबै नयाँ बर्ष मनाउन ब्यस्त छन् । फुटवलर लियोनल मेसीले पनि नयाँ बर्षको खुसीयाली मनाउने आफ्नै तरीका अपनाएका छन् । मेसीले सन् २०१४ को नयाँ बर्षलाई स्वागत गर्न प्रेमीका एन्टोनेला रोक्युजोको साथ लिए । 'हेयामस्टिङ' समस्याबाट ग्रसिसत मेसी अहिले आफ्नो मुलुक अर्जेन्टिनामा आराम गरिरहेका छन् ।

मेसी 'न्यू इयर इभ' मा प्रेमीकाको साथमा गिटारसँग खेलिरहेको देखिए । प्रेमीका रोक्युजोले इन्स्टाग्राममार्फत सार्वजनिक गरेको फोटोमा मेसी प्रेमीकालाई अघि राखेर गिटार बजाईरहेका थिए । फोटोमा रोक्युजोले लेखेकी छिन्, 'संगितको साथमा पुरानो बर्षको बिदाई तथा नयाँ बर्षको स्वागत गर्‍यौं ।'

मेसी पछिल्लो केही समय प्रेमीका रोक्युजोसँग छन् । चोटका कारण गत नोभेम्बर यता मेसी बार्सिलोनाका लागि मैदानमा उत्रन सकेका छैनन् ।

## हाउसमेडका लागि समझदारी गरिने

काठमाडौं । खाडी मुलुकमा घरायसी महिला ( हाउसमेड) कामदार वैधानिक ढंगले पठाउन सरकारले द्विपक्षीय समझदारी गर्न लागेको छ । खाडी मुलुकमध्ये साउदी अरेबिया र कुवेत सरकारले नेपालबाट गएको पत्रलाई सकारात्मक ढंगले लिइरहेका छन् । संयुक्त अरब इमिरेट्स र कतारले भने लिखित प्रतिबद्धताभन्दा पनि व्यावहारिक पक्षलाई हेरिदिन आग्रह गरेका छन् ।

श्रम मन्त्रालयका प्रवक्ता बुद्धिबहादुर खड्काले खाडीमा अवैधानिक ढंगबाट हाउसमेडमा महिला कामदार जाने क्रमलाई निरुत्साहित गर्न सरकारले द्विपक्षीय समझदारी गर्न लागेको बताए । 'महिला कामदार खाडीमा खुला गर्दा सुरक्षा प्रत्याभुति नै पहिलो प्राथमिकता रहन्छ,' उनले भने, 'सरकारले इजाजत नदिएका खण्डमा उनीहरु चोर बाटोबाट त्यहाँ पुग्दा झन् समस्या बढ्छ ।'

सरकारले खाडी मुलुकमा हाउसमेड पठाउँदा तीन विषयमा बढी ध्यान केन्द्रित गरेको छ । प्रवक्ता खड्काका अनुसार सुरक्षाका लागि सेफ हाउस, सञ्चारसम्पर्क र स्वास्थ्य एवं बिमा सुविधा द्विपक्षीय समझदारीमा पर्छन् । साउदी अरेबियाले नेपाली महिला कामदार लिन चाहिरहे पनि साउदीमा नै काम गर्ने पुरुष कामदारका पारिवारिक सदस्य हुँदा सहज हुने उनीहरूको अडान रहेको उनले जानकारी दिए ।

## अवैध सामान बरामद

झापा । झापा जिल्लाको मेची नगरपालिका १० काँकडभिट्टाबाट एपीएफ टोलीले करीब एक लाख ६० हजार रूपैयाँ बराबरको चोरीपैठारी निकासीको विभिन्न सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार गस्ती सुरक्षा गुल्म काँकमिट्टाबाट खटिएको एपीएफ टोलीले उक्त सामान बरामद गरेको हो ।

भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा एपीएफ टोलीले करीब ८० हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा, भाडा वर्तन र किराना सामान बरामद गरेको छ भने चोरीनिकासी गर्न लागिएको करीब ८० हजार रूपैयाँ बराबरको सुपारी तथा सुकमेल बरामद गरेको छ । एपीएफ टोलीले बरामद सामान आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाएको छ ।

# /Elg va/

## जुठिएको सिउँदो सार्वजनिक

काठमाडौं । गीतकार देवेन गिरीको एल्बम 'द पेन एन्ड देवेन'मा समावेश 'जुठिएको सिउँदो' बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । शुक्रबार ठमेलस्थित होटल मनाङमा सो गीतबारे समीक्षात्मक कार्यक्रमसमेत सम्पन्न गरियो ।



पछिल्लो समय गीतकारका रूपमा चर्चित हुँदै गएका देवेनले हालै सम्पन्न इमेज अवार्डमा बुढेशकालको माया बोलको गीतबाट सर्वोत्कृष्ट गीतकारको अवार्ड जितेका थिए । कार्यक्रममा देवेनले पुरस्कारले आफूलाई अझ हौसला बढाएकाले आगामी दिनमा अझ राम्रा गीत रच्ने वाचा गरे ।

'जुठिएको सिउँदो' बोलको भिडियो संगीतकार सुरेश अधिकारी, संगीता अधिकारी, स्वरूपराज आचार्य, सञ्चारकर्मी नरेश भट्टराईलगायतले संयुक्त रूपमा गरेका थिए भने बुढेसकालको बोलको गीतको भिडियो भने वरिष्ठ संगीतकार शम्भुजित बासकोटाले सार्वजनिक गरेका थिए । साधना सरगम र शिशिर योगीले गाएको सो गीतको भाव र अर्थको संगीतकार बासकोटा, अधिकारी र गीतकार देवेन स्वयंले समीक्षा गरेका थिए । कार्यक्रममा स्वरूपराज आचार्यले 'जुठिएको सिउँदो' र शिशिर योगीले 'बुढेसकालको माया' गीत प्रत्यक्ष गाएका थिए ।

## बेमौसममा पानी पार्‍यो एउटा साथीले

काठमाडौं । पुसको उत्कट जाडोको परवाह नगरी राजधानीमा धमाधम छायांकन भइरहेको फिल्म 'एउटा साथीले' आइतबार रातभर नै मध्यबानेश्वरको सडकमा पानी पार्‍यो । फिल्मको कथाले झमझम वर्षा माग गरेकाले जाडोको पर्वाह नगरी पानी पारेर सुटिङ गरिएको निर्देशक लक्ष्मण सुवेदीले बताए ।

राति १० बजेदेखि बिहान चार बजेसम्म पानीमा भिज्दै अभिनय गर्ने कलाकार थिए- सलोन बस्नेत, रिस्ता बस्नेत, जोन तामाङ र रबिना खड्का । सलोन फिल्मको ब्यानरमा



बनिरहेको फिल्मको हालसम्म ३५ प्रतिसत छायांकन सकिएको निर्देशक सुवेदीले बताए । फिल्मको २५ प्रतिशत सुटिङ जोमसोममा गरिने निर्माता सोभित बस्नेतले जानकारी दिए । फिल्ममा सलोन, रिस्ता, जोनका अलावा अनु शाह, नारायण पुरी, रजनी बमजन, पुरन थापा, शिशिर भण्डारी, करिस्मा श्रेष्ठलगातले अभिनय गरिरहेका छन् । सुशील पंगेनीको स्क्रिप्ट रहेको फिल्म गणेशकुमार श्रेष्ठले खिचिरहेका छन् । निर्माण पक्षले फिल्म चैत्रमसान्तमा प्रदर्शन गरिने जानकारी दिएको छ



## मिलाप सम्मान प्रदान

काठमाडौं । राष्ट्रिय मेलमिलाप दिवसको अवसर पारेर मिलाप मासिकले केशवप्रसाद चौलागाईद्वारा लिखित 'स्वराज्य र मेलमिलाप' नामक पुस्तकको विमोचन तथा मिलाप सम्मान कार्यक्रम काठमाडौंमा एक कार्यक्रमकाबीच सम्पन्न भएको छ ।

नेपाली काँग्रेसका महामन्त्री कुलबहादुर गुरूङ र जगताचार्य नेपाली बाबाले संयुक्त रूपमा 'स्वराज्य र मेलमिलाप' को विमोचन गरेका थिए भने मिलाप मासिकको विगतका अंकका विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका व्यक्तिहरूको छापिएको आवरण अंकसहित मिलाप सम्मान प्रदान गरिएको छ । सम्मान पाउनेहरूमा इतिहासविद् तथा राजनीतिक विश्लेषक प्राडा सुरेन्द्र केसी, स्तम्भकार केशवप्रसाद चौलागाईं, साहित्यकार खेमनाथ दाहाल, संगीतकार सन्तोष श्रेष्ठ र रङ्ग पत्रकार सानुकाजी श्रेष्ठ रहेका छन् ।

पुस्तक विमोचन समारोहका प्रमुख अतिथि कुलबहादुर गुरूङले वीपीको मेलमिलाप नीति आजका दिनमा पनि त्यत्तिकै सान्दर्भिक रहेको भन्दै मेलमिलाप दिवसका अवसरमा केशवप्रसाद चौलागाईद्वारा लिखित यस पुस्तकले अझ बढी पुष्टि गरेको बताए । त्यस्तै नेपाली बाबा जगताचार्यले धार्मिक क्षेत्रले पनि अब राजनीतिक लगायतका अन्य क्षेत्रमा चासो नदिएमा देश वर्तमान अवस्थामा रहन नसक्ने हुनाले धार्मिक क्षेत्रले पनि खबरदारी गर्ने बेला आएको बताए ।

मिलाप मासिकका प्रधानसम्पादक कृष्णप्रसाद भुसालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा विमोचित पुस्तकमाथि प्राडा सुरेन्द्र केसी र नेपाली काँग्रेसका युवा नेता मधु आचार्यले टिप्पणी गरेका थिए भने नेकपा-माओवादीका ध्रुव रूपाखेती र स्तम्भकार तथा पत्रकार अनिल योगीले मिलाप मासिक र विमोचित पुस्तकमाथि चर्चा गरेका थिए ।

## 'फुल्न देऊ मलाई' र 'गह' सार्वजनिक



गजलकार बुद्धि मोक्तानको गजलसंग्रह 'फुल्न देऊ मलाई' सार्वजनिक भएको छ । शनिबार राजधानीमा भएको कार्यक्रममा गजलकार ललिजन रावल, संगीतकार बुलु मुकारूङ, नियात्राकार प्रतीक ढकालगायतका अतिथिले संयुक्त रूपमा संग्रह विमोचन गरेका हुन् । कार्यक्रममा मोक्तानसहित अज्ञात पाल्पाली, प्रेम कौशल र आनन्द भट्टराईको गजल समेटिएको एल्बम 'गह' पनि एकैसाथ सार्वजनिक गरिएको थियो ।

एल्बममा विमला राई, सत्यराज आचार्य, स्वरूपराज आचार्य, सन्ध्या राई, मनिला सोताङ, उदय सोताङ, श्रेया सोताङ र राज सिग्देलको स्वर रहेको छ ।

# skt/ 6

## आइएमईको फेसबुक अभियान

रेमिट कम्पनी इन्टरनेसनल मनी एक्सप्रेस (आइएमई) ले सेवाग्राहीलाई लक्षित गरी नयाँ प्रचारात्मक योजना फेसबुक अभियान सुरु गरेको छ । ०१४ जनवरी १ देखि ३१ जनवरीसम्म सञ्चालन गरिने फेसबुक अभियानमा सहभागी सेवाग्राहीले आइएमईको आधिकारिक फेसबुक पेज डब्लुडब्लुडब्लु डट फेसबुकडट कम/आइएमईरेमिटमा गई लाइक गरेपछि फेसबुक एप देखिनेछ ।

त्यसलाई क्लिक गरेपछि एउटा फेसबुक पेजमा सेवाग्राहीले आइएमईको कन्ट्रोल नम्बरलगायत विवरण पोस्ट गर्नुपर्नेछ । फेसबुक पेजमा पोस्ट गरिएका कन्ट्रोल नम्बरलाई लक्की ड्रमा समावेश गरी विजयी हुने दैनिक २ सेवाग्राहीलाई ५०० को एनसेल अथवा एनटिसी रिचार्ज कार्ड, साप्ताहिक रूपमा एकजनाले कलर्स फ्याक्टर बोल्ड-२ मोबाइल प्राप्त गर्न सक्नेछन् । त्यस्तै, बम्पर लक्की ड्र अभियान अन्त्यमा सर्वाधिक भाग्यशाली सेवाग्राहीलाई आइप्याड एयर बम्पर पुरस्कारस्वरूप उपलब्ध गराइने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार इन्टरनेसनल ट्रान्जेक्सन गर्ने सेवाग्राही लक्की ड्रमा समावेश भए पनि पुरस्कार निजका नेपालमा रहेका आफन्तलाई मात्र प्रदान गरिनेछ ।

## एनसिसीको ट्राभल र इन्टरनेसनल डलर कार्ड

नेपाल क्रेडिट एन्ड कमर्स बैंक (एनसीसी) ले एनसिसी इन्टरनेसनल डेबिट कार्ड र एनसिसी ट्राभल डलर कार्ड जारी गरेको छ । बैंकले ल्याएको एनसिसी डलर कार्ड प्रिपेड भिसा कार्ड हो । अन्तर्राष्ट्रिय ब्रान्ड भिसाको आबद्धताबाट सञ्चालनमा ल्याइएको ट्राभलर चेकका रूपमा यो कार्ड प्रयोग गर्न सकिने बैंकले जनाएको छ । त्यसैगरी बैंकले अमेरिकी डलरमा खाता सञ्चालन गरिरहेका व्यक्तिलाई सहयोग पुर्‍याउने उद्देश्यले एनसिसी इन्टरनेसनल डेबिट कार्ड सञ्चालनमा ल्याएको छ । विद्युतीय चेकका रूपमा प्रयोग हुने कार्डमार्फत भिसाको लोगो भएका संसारका कुनै पनि एटिएम मेसिनबाट नगद भुक्तानी लिन, खातामा रहेको नगद विवरण थाहा पाउन र विद्युतीय कारोबार सञ्जाल भएको भिसा लोगो लागेको कुनै पनि आउटलेटमा कार्ड प्रयोग गर्न सकिने बैंकको विज्ञप्तिमा उल्लेख छ ।

## जनता बैंकको एक्सटेन्सन काउन्टर

जनता बैंक नेपालले नवलपरासीको प्रतापुर गाविसमा एक्स्टेन्सन काउन्टर विस्तार गरेको छ । प्रतापुर गाविसमा विस्तार गरिएको एक्सटेन्सन काउन्टर सञ्जाल दुई पुगेका छन् । बैंकका हाल मुलुकभर २५ शाखा सञ्जाल छन् ।

## सानिमा बैंक शाखाको रक्तदान

सानिमा बैंकको दशौं वर्ष प्रवेश अवसरमा हेटौंडामा रहेको मकवानपुर शाखाले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा बैंक कर्मचारी, ग्राहक तथा स्थानीयले रक्तदान गरेको बैंकले जनाएको छ ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजना गरिएको कार्यक्रममा २ सय ८० भन्दा बढीले रक्तदान गरेको विज्ञप्तिमा उल्लेख छ ।

## नबिल बैंकको लाभांश पारित

नबिल बैंकको २९औं वार्षिक साधारणसभाले सेयरधनीलाई ४० प्रतिशत नगद र २५ प्रतिशत बोनस सेयर गरी ६५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकको शुक्रबार सम्पन्न साधारणसभाले लाभांश वितरण प्रस्ताव पारित गरेको हो । बैंकले १४ पुसदेखि सेयरधनीलाई नगद लाभांश वितरण गरिने बताएको छ ।

साधारणसभा अवसरमा बैंक अध्यक्ष कृष्णबहादुर मानन्धरले ०७० असारमसान्तसम्म बैंकको कुल सम्पत्ति ७ हजार ३ सय २४ करोड पुगेको जानकारी दिए । आव ०६९/७० मा बैंकले कर चुक्तापछि २ सय २२ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको साधारणसभामा जानकारी दिइएको थियो ।

## सेन्चुरीको लगानी बचत निक्षेप योजना

सेन्चुरी कमर्सियल बैंकले सेन्चुरी आइपिओ लगानी बचत निक्षेप योजना सुरू गरेको छ । निक्षेपमा दैनिक मौज्दातमा ६.२५ प्रतिशत ब्याजदर दिइने खाता न्यूनतम १ हजार रकममा खोल्न सकिने बैंकले जनाएको छ । बैंकमा सेन्चुरी आइपिओ लगानी बचत खाता खोल्ने निक्षेपकर्ताले आइपिओमा खातामा जम्मा भएको रकमबाटै सेयरमा लगानी गर्न सक्नेछन् भने लाभांश रकम पनि सिधै खातामा जम्मा हुनेछ । बचत खाता खोल्ने ग्राहकले चेकबुक र एबिबिएस निःशुल्क रूपमा पाउनेछन् । बैंकले सर्वसाधारणका लागि ९२ करोडको सेयर जारी गर्ने तयारी भइरहेको जनाएको छ ।

## सिभिल बैंकको मोबाइलमै नगद

सिभिल बैंकले नववर्ष २०१४ अवसरमा ग्राहकलाई थप सेवा दिने उद्देश्यले मोबाइलमै नगद सेवा सुरू गरेको छ । सेवाअन्तर्गत बैंकका सबै एटिएमबाट ग्राहकले विनाकार्ड मोबाइल प्रयोग गरी रकम झिक्न सक्नेछन् । ग्राहकले आफ्नो खातामा रहेको रकम मोबाइलमा राख्न, झिक्न र अन्य खातामा रकमान्तर गर्न, बजारमा सामान खरिद भुक्तानीका साथै फोन, डिसहोम टिभी आदिको बिल भुक्तानी गर्न सक्ने बैंकको भनाइ छ । सेवा सञ्चालनका लागि हेलो पैसासँग सम्झौता गरिएको बैंकको विज्ञप्तिमा उल्लेख छ ।

## टुरिजम् बैंकको लाभांश पारित

टुरिजम् डेभलपमेन्ट बैंकको चौथो वार्षिक साधारणसभाले चुक्ता पुँजीको ११.०० प्रतिशतले हुने गरी नगद लाभांश वितरण प्रस्ताव पारित गरेको छ । बैंक सञ्चालक समिति अध्यक्ष प्रा.डा. पुष्पराज कँडेलले वार्षिक प्रतिवेदन पेस गरेको साधारणसभाले आव ०६९/७० को नाफा-नोक्सान हिसाब, नगद प्रवाहलगायत वित्तीय विवरण पारित गरेको छ ।

## टंक ढकाल...

जगमा गठन गरिएको राप्रपा नेपालले प्रत्यक्षमा एक सिट पनि जित्न सकेन । तर समानुपातिकमा ६ लाख भन्दा बढी मत ल्याएर २४ सिट हासिल गर्दै संविधानसभामा चौथो शक्ति हुन सफल भयो । २४ जनाको नाम सिफारिस हुनासाथ असन्तुष्ट पक्षका टंक ढकालहरूले ४२ मध्येका २० जना केन्द्रीय सदस्यहरूले पार्टी फोड्ने साजिस गरे ।

बालकृष्ण न्यौपानेले मुद्दा हाले । तर निर्वाचन आयोग मुद्दाबाट प्रभावित भएन । निकै हल्लाखल्ला मच्चाएपछि जनतामा द्विविधा पर्‍यो- राप्रपा नेपालले पाएको २४ सिट हात्ती आयो हात्ती आयो फुस्सा पो भयो ।' कतिपयले आक्रोश पोखे- राप्रपा नेपाल भनेको त राप्रपा भारत पो परेछ ।

हुन त समानुपातिकको झगडा प्रत्येक पार्टीमा चर्केको छ । राप्रपा नेपाल अपवाद होइन । खासगरी केही परिवारवाद देखिने मनोनयनले र केही पैसावाल व्यापारीको चयनले राप्रपा नेपाल निकै विवादमा फसेको छ । तथापि राप्रपा नेपालले आफ्नो संवैधानिक राजतन्त्र र हिन्दूहरूको अडान स्पष्ट पारेपछि धेरैले सन्तोष व्यक्त गरेका छन् । अब संविधानसभामा राप्रपा नेपालको असली परीक्षा हुनेछ । अहिलेलाई पार्टी तोडफोड पानीको फोकामात्र साबित भएको छ । पछिल्लो अवस्थामा २० जना केन्द्रीय सदस्य लिएर नयाँ पार्टी दर्ताका लागि निर्वाचन आयोगमा पुगेका टंक ढकाललगायतका केही नेताहरू संस्थापन पक्षमै फर्किएका र केही आमन्त्रित केन्द्रीय सदस्यहरू मात्र पार्टीमा फर्कन बाँकी रहेको पार्टी सूत्रले जनाएको छ ।

## प्रचण्डलाई...

सुरुमा सबै जिल्लाबाट प्रतिनिधित्व गराउने र कुनै जिल्ला खाली नराख्ने मापदण्डमा सहमति गरेका प्रचण्डले मनलागी गरेपछि सभासद् चयन काण्ड प्रचण्डका लागि 'साढे सातको दशा' सावित हुने लक्षण देखिएको छ । एक त आफ्नो नेतृत्वमा चुनाव हार्नु, हारेपछि पनि पार्टीपंक्तिलाई मनाउन नसक्दा केही समयमै प्रचण्डको अध्यक्षता समाप्त हुनसक्छ भन्छन् बाबुराम पक्षधरहरू । यसैबीच बाबुराम र नारायणकाजी पक्षले अध्यक्षले आफ्नो गल्ती नसच्याएको खण्डमा आफूहरूले बाध्य भएर पार्टी विभाजन गर्नेसम्मको धम्की अध्यक्षलाई दिएका छन् । अब हेर्न बाँकी छ, एमाओवादी फेरि दोस्रोपटक विभाजित हुने हो कि !

## रविन्द्रप्रतापलाई...

आएका थिए र उनको गुनलाई सभासद् पदबाट पुरस्कृति गरिएको हो । यस घटनापछि तत्कालिन सत्ता किन असफल भयो, राजतन्त्र किन गयो ? भन्ने अनेक सवालहरू स्वतः बुझ्न सकिने भएको छ ।

यसैबीच एमाओवादीभित्र ठूलै दूर्घनाटका संकेतहरू देखिइसकेका छन् । प्रचण्ड, बाबुराम र नारायणकाजी गुट बनेका छन् र प्रचण्डले भूल सुधार नगरे पार्टी फुट्नेसम्मको स्थिति आउन सक्ने देखिएको छ । पहिले नै वैद्य गुट चोइटिसकेको एमाओवादी फेरि फुट्यो भने प्रचण्डको सपना शिशा फुटे झैं चकनाचुर हुनेछ । अहिले झिल्का उठेको छ, यो झिल्को डढेलो पनि हुन सक्छ । यसरी शाह प्रकरणले एमाओवादीभित्र ठूलै रडाको मच्चिएको र पार्टी विभाजनको कारण पनि शाह नै हुनसक्ने सम्भावना बढेर गएको छ ।

## समानुपातिक...

कार्यकर्ताहरू नै नभएका व्यक्तिहरूलाई छनौट गरेपछि कार्यकर्ताहरू नै नेताहरूप्रति आक्रोसित भएका छन् । अब दलहरूले बेलैमा बुद्धि नपुऱ्याउने हो भने प्रत्येक दलहरूभित्र अझ आक्रोश उत्पन्न हुने र दलहरू नै फेरि विभाजित हुन सक्ने सम्भावना बढेर गएको छ ।

प्रत्येक दलभित्र समानुपातिकतर्फबाट संविधानसभा सदस्य बन्नेहरूको होड नै चलेका हुनाले ठूला दलहरूलेसमेत निर्वाचन आयोगले तोकेको समयसीमाभित्रमा आफ्ना उम्मेदवारहरूको नामावली आयोगमा पठाउन सकेनन् । आयोगले पटक/पटक गरी तीनपटक उम्मेदवारको नाम सिफारिस गर्न समयसीमा बढाउनु परेको थियो । बाहिर जुनसुकै कुरा उठाए पनि भित्री कुरा भनेको दलहरूले उम्मेदवारहरूको छनौट गर्न नसक्नु नै समयसीमा बढाउनु पर्ने मुख्य कारण थियो । समानुपातिकतर्फबाट उम्मेदवार हुँदा चुनावमा खर्चसमेत गर्न नपर्ने र प्रत्यक्ष रुपमा जनताप्रति उत्तरदायीसमेत हुनु नपर्ने भएको हुनाले समानुपातिकतर्फबाट संविधानसभाको सदस्यमा पुग्न नेता तथा कार्यकर्ताहरू लालायित भएका हुन् । समानुपातिकतर्फबाट संविधानसभामा पुग्नेहरूको संख्या सबै पार्टीको मिलाउँदा ३ सय ३५ हुने र प्रत्यक्षतर्फबाट २ सय ४० मात्र संविधानसभामा पुग्ने भएका हुनाले दलका प्रतिनिधिहरूले जनताबाट प्रत्यक्ष रूपमा चुनाव जितेर आएका व्यक्तिहरूलाई अल्पमतमा पार्ने हुनाले पनि समानुपातिकतर्फबाट संविधानसभामा लैजाने कानुनी व्यवस्था नै गलत भएको हुनाले अब त्यस्तो व्यवस्था आउँदो संविधानसभाले अन्त्य गर्नैपर्दछ भन्ने राजनीतिक विश्लेषकहरूको भनाइ रहेको छ ।

## संविधानसभा...

सिक्किमिकरण गर्ने गरी विदेशीहरूको ग्राण्डडिजाइनमा मंसिर ४मा चुनाव गराइएको आरोप सचिव गुरुङले लगाएका छन् । त्यही डिजाइनमा कांग्रेस, एमाले र एमाओवादी फसेका हुनाले अब उनीहरूसँग कुनै वार्ता हुन नसक्ने बताउँदै आफ्नो दलसँगको वार्ताका लागि संविधानसभा विघटन गर्नुपर्ने सर्त अघि सारेका छन् । खिलराज रेग्मी सरकारले गराएको निर्वाचन र तत्कालिन राजाले गराएको निर्वाचनमा कुनै फरक नभएको भन्दै मंसिर ४ मा भएको निर्वाचनलाई आफूहरूले स्वीकार गर्न नसक्ने प्रष्ट पारेका छन् । अहिलेको संविधानसभाबाट जनताका अधिकार कुनैपनि हालतमा सुरक्षित हुन नसक्ने बताउँदै अहिलेको संविधानसभामा आफ्नो पार्टी जानु भनेको आफ्नै खुट्टामा बञ्चरो प्रहार गर्नुसरह भएको गुरुङको दाबी थियो ।

अहिलेको संविधानसभाले तपाईंहरूका मुद्दामा संविधानसभा मै छलफल र बहस गरौं भनेको खण्डमा तपाईंहरू संविधानसभामा जानुहुन्छ त ? भन्ने पत्रकारहरूको प्रश्नमा गुरुङले भने आफ्नो पार्टी अहिलेको संविधानसभामा कुनै हालतमा पनि नजाने बताउँदै सबै वर्ग, क्षेत्र, जातजाति र सम्प्रदायको अधिकार सुरक्षित गर्नका लागि आफ्नो पार्टीले अब सशक्त आन्दोलन गर्ने बताउँदै आन्दोलनका लागि सबैसँग आग्रह गरेका थिए । आन्दोलनबाटै सबै समस्याको समाधान खोज्न आफ्नो पार्टीले आन्दोलन गर्न लागेको बताउँदै आन्दोलनको हावाहुरीले कांग्रेस, एमाले र एमाओवादी बढारिने सचिव गुरुङको दाबी थियो । संविधानसभा विघटन गर्न कांग्रेस, एमाले र एमाओवादी तयार भएको खण्डमा नेकपा-माओवादी संवाद गर्न तयार रहेको बताउँदै चुनावअघि नै हाम्रो पार्टीले सहमतिको प्रस्ताव राखेको भएपनि त्यसलाई वेवास्ता गर्दै नौटंकी गरिएको र त्यो चुनाव विदेशीहरूको इशारामा सम्पन्न गराइएको दाबी गुरुङले गरेका थिए । विदेशीहरूको इसारामा नाँचेर कांग्रेस एमाले र एमाओवादीले जनतालाई धोका दिएको भन्दै सचिव गुरुङले यदि दलहरूले साच्चीकै चुनाव चाहेका भए चुनाव अघि नै हाम्रो प्रस्तावका बारेमा सहमति गर्न सक्थे, तर विदेशीहरूले उनीहरूलाई सहमति गर्न नदिएको आरोप गुरुङले लगाएका थिए ।

नेपालको सार्वभौमसत्ता जोगाई राख्न र नेपाली जनताको अधिकार सुरक्षित गरी जनतालाई अधिकार सम्पन्न गराउन आफ्नो पार्टीले भण्डाफोर अभियान चलाउने बताउँदै विदेशी इशारामा सञ्चालन भएका दलहरूले कुनै हालतमा पनि संविधान निर्माण नगर्ने ठोकुवा समेत गरेका थिए । सहमति र सहकार्यको राजनीति आवश्यक रहेपनि कांग्रेस, एमाले र एमाओवादीसहितका केही मधेसवादी दलहरूले सहमतीय राजनीति गर्न नखोजेको प्रष्ट पार्दै नयाँ संविधानसभाको चुनावपछि मुलुक अझै अनिर्णयको भूमरीमा फसेको भन्दै त्यसतर्फ चिन्ता समेत जाहेर गरेका थिए । पत्रकार भेटघाट कार्यक्रममा गुरुङ निकै आक्रोशित भएर उपस्थित भएका हाम्रा लमजुङ समाचारदाताले जनाएका छन् ।

## निवेदनको...

अस्पतालको अध्यक्षमा नेकपा एमालेका नेता एवम् हाले संविधानसभाको चुनावमा धादिङ क्षेत्र नं. ३ बाट विजयी राजेन्द्र पाण्डे रहेका छन् ।

नेपाली कांग्रेसका नेताहरूका नाममा खुलेका अस्पतालहरू महेन्द्रनारायण निधी मेमोरियल अस्पताल, वीपी नेत्र अध्ययन प्रतिष्ठान, जनस्वास्थ्य सरोकार ट्रष्ट र नेपालगञ्ज क्यान्सर अस्पतालले समेत सरकारबाटै पाँच करोड अनुदान लगेका छन् । त्यसै गरी गिरिजाप्रसाद कोइरालाको नाममा खुलेको जीपी कोइराला श्वासप्रश्वास केन्द्रले एक करोड, नेपाल अर्बुद रोग निवारण संस्था भक्तपुरले एक करोड र मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरले ९३ लाख रुपैयाँ अनुदान लिएका छन् । अन्य विभिन्न व्यक्तिका नाममा खुलेका अस्पतालहरूले समेत ठूलो रकम सरकारबाट हात पारे पनि त्यस अनुसारको सेवा जनतालाई दिएका छैनन् । जनताले तिरेको करमाथि ब्रह्मलुट मच्चाउँदै स्वास्थ्य मन्त्रालयले सरकारी कोषबाट रकम वितरण गर्नु सिधै ब्रह्मलुट नै हो । निजी क्षेत्रबाट खुलेका अस्पतालहरूलाई सरकारी कोषबाट रकम दिँदा ठूलो मात्रामा आर्थिक चलखेल हुने गरेको स्वास्थ्य मन्त्रालय सूत्रले दाबी गरेको छ ।

सामुदायिक अस्पतालका नाममा खुलेका अस्पतालहरूलाई सरकारले आर्थिक अनुदान दिनुभन्दा दुर्गम जिल्लामा रहेका सरकारी अस्पतालहरूलाई सुविधासम्पन्न बनाएर जनतालाई अकालमा मर्नबाट बचाउनु पर्नेमा राजनीतिक दबाबमा निजी क्षेत्रबाट खुलेका अस्पतालहरूलाई करोडौं करोड रकम उपलब्ध गराउनु जनताप्रतिको वेइमानी नै हो । स्वास्थ्य मन्त्रालयले आर्थिक सहयोग माग गर्ने तर कहिल्यै पनि त्यसको अनुगमन नगर्ने गरेको हुनाले त्यस्तो रकम सिधै दुरुपयोग भएको छ । सरकारी नियमअनुसार संस्थाले अनुदान माग्दा संस्थाको दर्ताको प्रमाणपत्र विधान, कर चुक्ता भएको प्रमाणपत्र, लेखा परीक्षण तथा संस्थाको कामको प्रगति विवरण बुझाउनु पर्ने प्रावधान भए पनि ती सबै कागजपत्रहरू नै नबुझाई केवल निवेदनका आधारमा करोडौं करोड रकम वितरण गर्नु राज्यको ढुकुटीमाथि ब्रह्मलुट मच्चाउनु नै हो ।

दुर्गम क्षेत्रका बासिन्दाले र त्यहाँका कर्मचारीले उपकरण र आर्थिक अभाव भएर विरामी मर्न लाग्दासमेत एक पैसा सहयोग नपाउने तर राजधानीमै स्थापित भएका र भाडामा संचालन गरिएका अस्पतालहरूलाई भने करोडौं करोड रुपैयाँ अनुदान दिने सरकारी नीति नै गलत रहेको हुनाले यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान पुऱ्याउनु आवश्यक देखिएको छ ।

## सोतीले...

खाएर परीक्षाफल प्रकाशनमा अनियमितता गरेको सयौं प्रमाण फेला पऱ्यो, तब अख्तियारले आदेश दियो, परीक्षाफल प्रकाशन, अन्तर्वार्ता रोक । त्यसपछि परीक्षाक्रम रोकियो । यसबाट १९ वर्षपछि स्थायी हुने, माथिल्लो पदमा जान चाहने योग्य शिक्षक अन्यायमा परेका छन् । घुस खानेहरूको घुस भुस भइसकेको छ । अब के हुन्छ ? शिक्षकहरू अन्योलमा छन् ।

मेहनत र पैसा डुबेको छ । फेरि विज्ञापन गरिने हो कि, फेरि जाँच दिनुपर्ने हो ? स्पष्ट छैन । अहिलेकै परीक्षाफललाई परिमार्जित गरेर शुद्धिकरण गरिने पनि थाहा छैन । शिक्षा सेवा आयोग र शिक्षकहरू अन्योलमा छन् । अख्तियार अनुसन्धान गर्दै छ ।

## रेग्मीको...

चुनावी म्याण्डेट पूरा गरिसकेको र दैनिक कार्य सञ्चालन मात्र गर्न पाउने अवस्थामा रहेको रेग्मी सरकारले प्रहरी नियमावली संशोधन गर्न खोज्नु आफैंमा आपत्तिजनक रहेको छ । निजामति सेवा जस्तै प्रहरी सेवालाई पनि प्रहरी ऐनमै समेट्नु पर्ने आवश्यकता भए पनि त्यसलाई वेवास्ता गर्दै कसैको लहडमा प्रहरी नियमावली संशोधन गरिएको खण्डमा त्यसले गर्दा अब गठन हुने जननिर्वाचित सरकारलाई समेत अप्ठ्यारो पर्ने प्रायःनिश्चित देखिएको हुनाले कामचलाउ सरकारले प्रहरी सेवालाई नै दूरगामी असर पर्ने निर्णय नगर्नु नै उचित हुनेछ । प्रहरी नियमावली संशोधन गर्न खिलराज रेग्मीले नै विशेष सक्रियता देखिएका हुनाले गृहले रायका लागि कानुन मन्त्रालयमा फाइल पठाएकोमा कानुनले रायसहित गृह मन्त्रालयमै फाइल फिर्ता पठाइसकेको र केही दिनभित्रै गृहले संशोधनसहितको प्रस्ताव मन्त्रिपरिषद्मा पठाउने भएको छ । मन्त्रिपरिषद्मा प्रस्ताव पठाइसकेपछि त्यसपछि बस्ने मन्त्रिपरिषद्को वैठकले संशोधन सहितको प्रहरी नियमावली संशोधन गर्ने तयारी गरिरहेको हुनाले रेग्मी सरकारले फेरि अर्को महाभूल गर्ने भएको छ । अन्तरिम चुनावी सरकारले मुलुकलाई दूरगामी असर पर्ने खालका निर्णयहरू गरेको खण्डमा अब गठन हुने सरकारले त्यस्ता निर्णयहरू खारेज गर्न सक्ने सम्भावना भने जीवितै रहेको छ । आफूले निर्णय गरेका निर्णयहरू खारेज हुने सम्भावना भएपछि रेग्मी सरकारले त्यस्ता विवादास्पद निर्णयहरू नगर्नु नै उचित हुनेछ ।

## प्रहरीमा अर्को भ्रष्टाचार काण्ड

काठमाडौं । सुडान घोटला काण्डपछि केही मत्थर भएको भ्रष्टाचारले प्रहरीलाई फेरि बदनाम गरेको छ । एसएसपी प्रेमबहादुर चन्दविरूद्ध अख्तियारले मुद्दा दायर गरेपछि सुरक्षा सेवामा भ्रष्टाचार व्याप्त छ भन्ने खुलासा हुन पुगेको छ, अख्तियारले चन्दसँगै अन्य ३ जनामाथि पनि भ्रष्टाचार मुद्दा हालेको छ ।

३ महिना २० दिन अघि २० लाखमा खरिद गरेको जग्गा एसएसपी चन्दले २ करोडमा खरिद गरेर नेपाल प्रहरीलाई १ करोड ८० लाख घाटा गराएर भ्रष्टाचार गरेको देखिएपछि नेपाल प्रहरीभित्र भ्रष्टाचार कुन हदसम्म रहेछ भन्ने देखिएको छ । पहिले सुडान काण्डमा ४ करोडको एपीसी खरिदमा २८ करोड भ्रष्टाचार गर्ने समूह नै अहिले जग्गा घोटलामा लागेको स्रोतले बताएको छ । गज्जब त के छ भने नवनियुक्त आईजिपी समेतले जग्गा रस दलालबाट पाएको चर्चा छ । सत्य सेवा, सुरक्षाको बर्दी लगाएर भ्रष्टाचारमा लिप्त यस्तो प्रहरी सेवाले कसरी कर्तव्यको पालना गर्नसक्छ र ? छिट्टै प्रहरी सेवामा शुद्धिकरण नगर्ने हो भने प्रहरी भनेको भ्रष्टाचारी हो भन्ने निश्चित हुनेछ ।

## तलब खुवाउन जग्गा बेच्दै जडीबुटी उत्पादन कम्पनी

काठमाडौं । सरकारी स्वामित्वको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीले कर्मचारीलाई तलब खुवाउन जग्गा बिक्रीको प्रस्ताव गरेको छ । कम्पनीले कोटेश्वर जडीबुटीमा रहेको २९ रोपनी जग्गामध्ये १४ रोपनी जग्गा बिक्री गर्न प्रस्ताव स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेस गरेको हो ।

कम्पनीले जग्गा सरकार वा सरकारको स्वामित्वमा रहेका संगठित संस्थालाई मात्रै बिक्री गर्न पाउनेछ । यही व्यवस्थाअनुसार कम्पनीले बिक्री गर्ने जग्गा काठमाडौं उपत्यका विकास प्राधिकरणले किन्न लागेको हो ।

व्यावसायिक योजना सञ्चालन गर्न भन्दै कम्पनीले पेस गरेको प्रस्तावमा जग्गा बिक्रीबाट प्राप्त हुने रकमको ठूलो हिस्सा कर्मचारीको सुविधामा खर्च हुने उल्लेख छ । अर्थ मन्त्रालय स्रोतका अनुसार, कर्मचारीको अनिवार्य अवकाश योजना ( भिआरएस) उत्पादनमा स्वचालित मेसिन प्रयोग, प्रयोगशाला स्थापना, उत्पादनमा विविधीकरण, कर्मचारीको सुविधामा जग्गा बेचेर प्राप्त रकम कम्पनीले खर्च गर्ने प्रस्ताव गरेको छ । 'कर्मचारी सुविधा, व्यावसायिक योजना कार्यान्वयन, ऋण-दायित्व चुक्ता गर्न जग्गा बेच्ने प्रस्ताव कम्पनीले पेस गरेको छ,' मन्त्रालय स्रोतले भन्यो । सरकारको २९ करोड ऋण चुक्ता गर्न र कर्मचारीको सुविधा तथा भिआरएस सञ्चालन गर्न करिब १८ करोड रुपैयाँ लाग्ने कम्पनीले जनाएको छ । ०३८ सालमा स्थापना भएको कम्पनी वार्षिक ४ करोड रुपैयाँभन्दा बढी घाटामा सञ्चालनमा छ । कम्पनीको सञ्चित नोक्सानी १७ करोड रुपैयाँभन्दा बढी छ । कम्पनीको खुद सम्पत्ति (नेट वर्थ) १४ करोड रुपैयाँभन्दा बढी ऋणात्मक छ । कम्पनीमा स्थायी, करार र ज्यालादारी गरी करिब २ सय कर्मचारी कार्यरत छन् । कम्पनीको कर्मचारीको अवकाश कोष दायित्व १० करोड रुपैयाँभन्दा बढी छ ।

## नेवालाई थाई एयरको टिकट

काठमाडौं । थाई एयर इन्टरनेसनल पब्लिक कम्पनीले क्रिसमस तथा नयाँ वर्ष-०१४ अवसरमा सञ्चालन गरेको फेसबुक स्विट मेमोरिज फोटो कन्टेस्टमा अञ्जली नेवा विजयी भएकी छन् । ५२ प्रतियोगीले भाग लिएको प्रतियोगितामा नेवाको फोटो उत्कृष्ट भई काठमाडौं-बैंकक-काठमाडौं दुईतर्फी टिकट प्राप्त गरेकी हुन् । प्रतियोगी नेवाको फोटो ३०१५ ले लाइक गरेका थिए भने २०६ जनाले सेयर गरेका थिए ।

धुम्रपान र मद्यपानबाट टाढा रहौं, सुखी र स्वस्थ्य जीवन बिताऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार